སྤྱོད་འཇུག་
ལེའུ་བཞི།

बोधिचर्यावतार

बोधिचर्यावतार चार परिच्छेदको सङ्क्षिप्तार्थ सरल भाषामा व्याख्या

रचनाकारः परम पूजनीय नवौँ खेन्छेन ठाङ्गु रिन्पोछे

༄༅། །བྱང་ཆུབ་སེམས་དཔའི་སྤྱོད་པ་ལ་འཇུག་པའི་ལེའུ་བཞིའི་བསྡུས་དོན་
ཕལ་སྐད་དུ་བཀྲལ་བ་བཞུགས་སོ།།

बोधिचर्यावतार चार परिच्छेदको सङ्क्षिप्तार्थ
सरल भाषामा व्याख्या

रचनाकार:
परम पूजनीय नवौँ खेन्छेन ठाङ्गु रिन्पोछे

नेपाली अनुवाद:
आचार्य ङोडुप ग्याल्छेन योन्जन

नाम	:	बोधिचर्यावतार चार परिच्छेदको सङ्क्षिप्तार्थ सरल भाषामा व्याख्या
मूल (श्लोक)	:	आर्य शान्तिदेव
रचनाकार (टीका)	:	परम पूजनीय नवौँ खेन्छेन ठाङ्गु रिन्पोछे
नेपाली अनुवादक	:	आचार्य ङोडुप ग्याल्छेन योन्जन
सम्पादक	:	लोपोन तेन्जीन नोर्बु लामा, लामा कोन्छोग रिन्छेन
भाषा शुद्धीकरण	:	महेशप्रसाद कोइराला
सहयोगी दाता	:	लामा कर्म छेवाङ् (ताइपे ठाङ्गु सेन्टर)
डिजाइन/लेआउट	:	आचार्य ङोडुप ग्याल्छेन योन्जन
प्रकाशक	:	ठाङ्गु धर्माकर पब्लिकेशन

© प्रकाशक र अनुवादक

संस्करण	:	पहिलो, १५०० प्रति
संस्करण मित	:	वि.सं.२०८२ साल, सन् २०२५

Dharma Kara

THRANGU DHARMAKARA PUBLICATIONS
Namo Buddha Municipality-01, Kavre, Bagmati Province
P.O. Box 1287, Kathmandu, Nepal
Website: www.rinpoche.com www.namobuddha.org

विषयसूची

क) बोधिचर्यावतार चार परिच्छेदको सङ्क्षिप्तार्थ 01

१. बोधिचित्तानुशंसा 05

२. पापदेशना 26

३. बोधिचित्तपरिग्रह 51

४. परिणामना 69

ख) आर्य शान्तिदेवको सङ्क्षिप्त जीवनी 93

जि.प्र.का.नं.
(५०।०५३।५४)

गु.व्य.तथा वि.सं.ल.पु.द.नं.
(१०६।०५३।५४)

श्री नमोबुद्ध बौद्ध धर्म ध्यान तथा शिक्षण केन्द्र

ठाङगु टासी छोयलिङ्ग गुम्बा बौद्ध काठमाडौं

२०५३

The Way of the Bodhisattva (Bodhicaryāvatāra) is one of the most revered and essential texts in the study and practice of Tibetan Buddhism. Whether one is newly introduced to the path or has been diligently practicing for many years, this profound work offers timeless guidance on cultivating compassion, wisdom, and the aspiration to benefit all sentient beings.

We are deeply fortunate that our precious lord of refuge, Khenchen Thrangu Rinpoche, has composed a detailed commentary on the four chapters of this sacred text. His profound insight and clear explanation render the teachings accessible and deeply meaningful, particularly for beginners seeking a solid foundation in the Bodhisattva path.

This commentary has now been skillfully translated into Nepali by Acharya Ngodup Gyaltsen. His tireless effort and heartfelt dedication have made these teachings available to a wider audience in Nepal, where they will undoubtedly bring great benefit to many practitioners.

I would like to extend my heartfelt gratitude to Acharya Ngodup Gyaltsen for his tremendous work. May this translation serve as a source of inspiration and guidance for all who encounter it.

Namo Buddha Buddhist Meditation & Educational Centre • 2053 •

With prayers,
Choje Lama

पो.ब.नं. १२८७, बौद्ध, काठमाडौं, नेपाल । फोन नं. ९७७-१-४५७०७६३

अनुवादकीय

आर्य शान्तिदेवद्वारा रचित 'बोधिचर्यावतार' एक गहन र लोकप्रिय ग्रन्थ भएको कुरा सर्वविदित छ। त्यसैगरी भोटमा धर्म अभ्यास तथा अध्ययनको प्रारम्भ प्रायः यही ग्रन्थबाट गरिन्छ। यस ग्रन्थमा दश अध्यायहरू रहेका छन्। तर पटुल रिन्पोछेले यसलाई सङ्क्षिप्तमा, चार अध्यायहरू—(१) बोधिचित्तानुशंसा, (२) पापदेशना, (३) बोधिचित्तपरिग्रह, र (४) परिणामनको मात्र धर्मदेशना गर्नुहुन्थ्यो जुन पछि 'बोधिचर्यावतार चार परिच्छेद' नामले लोकप्रिय भयो।

परम पूजनीय गुरु खेन्छेन ठाङ्गु रिन्पोछेज्यूले आफ्नो जीवनकालमा देश-विदेशमा धर्मदेशना गर्ने क्रममा 'बोधिचर्यावतार चार परिच्छेद'को पनि धर्मदेशना गर्नुभएको थियो। पछि उक्त धर्मदेशनाको पुस्तक प्रकाशित भयो। उहाँको शिक्षण शैली जुन गहन विषयवस्तुलाई पनि सरल र सहज रूपमा बुझाउन अब्बल भएकोले 'बोधिचर्यावतारको चार परिच्छेद' पनि सरल भाषामा धर्मदेशना गर्नुभएको छ।

'बोधिचर्यावतार चार परिच्छेद' जस्तो गम्भीर ग्रन्थलाई म जस्तो मन्दबुद्धिले अनुवाद गर्न खोज्नु नै हास्यास्पद ठान्न सकिन्छ। तर गुरुको आशीर्वाद, खेन्पो तथा धर्ममित्रहरूको सहयोग, सुझाव र हौसला प्राप्त भएकाले यस्तो प्रयास गर्न सकेको हुँ।

'बोधिचर्यावतार' बौद्ध दर्शन र आचरणको एक अत्यन्त महत्वपूर्ण ग्रन्थ हो। विशेष गरी महायान परम्पराका धर्मावलम्बीहरूले त यो ग्रन्थ एकपटक अवश्य अध्ययन गर्नुपर्छ। आजको व्यस्त जीवनशैलीमा पूरै दश अध्यायहरू अध्ययन गर्न कठिन हुन सक्छ। त्यसैले रिन्पोछेले पनि समय सान्दार्भिक 'चार अध्याय'को व्याख्या गर्नुभएको छ। यद्यपि यो लघु ग्रन्थ हो तर यसले बोधिचित्त अभ्यासमा केन्द्रित विषयहरू समेटेको छ। त्यसैले यसको अध्ययनले कुशल मार्गदर्शन मिल्ने अपेक्षा राखेको छु।

पाठकहरूलाई अझ सहज बनाउने उद्देश्यले ग्रन्थको मूल श्लोकहरूलाई (*italic*) र विषयसूचीलाई (**bold**) गरिएको छ। त्यस्तै, विषयसूचीमा 'पहिलोमा दुई' भन्नाले पहिलो भेदमा दुई उप-भेदहरू रहेको सङ्केत गर्छ। यस्तो रूपरेखा अलि फरक र कठिन देखिए पनि यो भोटको पुरानो परम्परा हो, जसले विषय बुझ्न सहज बनाउँछ। त्यसैले नेपाली संस्करणमा पनि यही शैली अपनाएको छु। मूल विषय खोज्न सजिलो होस् भन्ने

हेतुले पुस्तकको अन्त्यमा पूर्ण विषय रूपरेखा छुट्टै राखिएको छ।

यस लघु ग्रन्थको सम्पादन कार्यमा विशेष सहयोग गर्नुहुने धर्ममित्र लोपोन तेन्जिन नोर्वु, लामा कोन्छोग् रिन्छेन, तथा भाषा शुद्धीकरणमा योगदान पुऱ्याउनुभएका लक्ष्मीनारायण मा.वि. श्यामपाटीका प्रधानाध्यापक महेशप्रसाद कोइरालाज्यूलाई हार्दिक धन्यवाद व्यक्त गर्दछु।

अन्त्यमा, यस पुस्तक प्रकाशनका लागि आर्थिक सहयोगसहित धर्मदान गर्नुहुने ताइपे ठाङ्गु सेन्टरका लामा कर्म छेवाङ्लाई हृदयदेखि हार्दिक कृतज्ञता व्यक्त गर्दै, यस कुशल कर्मको पुण्य सम्पूर्ण प्राणीहरूको हितमा समर्पण गर्दछु। विशेषगरी मेरा मूल गुरु, परम पूजनीय खेन्छेन ठाङ्गु रिन्पोछेको निर्माणकायको शीघ्र आगमन होस् भन्ने प्रार्थना गर्दछु।

॥ सर्वमङ्गलम् ॥

ङोडुप ग्याल्छेन योन्जन
(ठाङ्गु टाशी याङ्चे गोन्पा, नमोबुद्ध)

॥ नमो शाक्यमुनये ॥

॥ आर्य शान्दिदेव ॥



॥ परम पूजनीय नवौँ योङ्‌जिन खेन्छेन ठाङ्गु रिन्पोछे ॥

बोधिचर्यावतार चार परिच्छेदको सङ्क्षिप्तार्थ
सरल भाषामा व्याख्या

त्रिकालका समस्त बुद्धहरूको स्वभाव रूपी कुल र सागर मण्डलका विभु, अतुलनीय कृपालु श्रीमान् सद्गुरुको विशुद्ध चरणमा आदर भाव सहित शिर स्पर्श गर्दै साष्टाङ्ग दण्डवत्का साथ शरणमा जाँदै छु, अधिष्ठित् गर्नुहोस्।

अकनिष्ठ धर्मधातुको प्रासादमा
सबै त्रिकाल बुद्धहरूको स्वभाव रूपी
स्वचित्तलाई धर्मकायका रूपमा प्रत्यक्ष दर्शन गराउने
मूल गुरुको चरणमा साष्टाङ्ग दण्डवत्॥

आकाश समान सम्पूर्ण प्राणीहरूलाई सर्वज्ञता अनुत्तर सम्यक् सम्बुद्धपदमा पुऱ्याउनु पर्दछ। त्यसको लागि गम्भीर सद्धर्म सुनेर विधि पूर्वक अभ्यास गर्ने सोचले उत्तम समुत्थान बोधिचित्त उत्पाद गरेर सुन्नुहोस्।

बोधिचर्यावतार चार परिच्छेदको सङ्क्षिप्तार्थ सरल भाषामा व्याख्या नामक शास्त्र बताउँदा दुई भेदहरू छन्। १. शास्त्र बताउनु पर्ने कारण सङ्क्षिप्तमा दर्साएको र २. मूल शास्त्र दर्साएको।

पहिलो, शास्त्र बताउनु पर्ने कारण सङ्क्षिप्तमा दर्साएको-

यहाँ बोधिचर्यावतारको चार ओटा परिच्छेदहरू (अध्यायहरू) मात्र बताउनुको कारण के हो ? भने धेरै पहिले पल्टुल रिन्पोछेले बोधिचर्यावतारको धर्मदेशना विस्तृतमा छ महिना, मध्यममा तीन महिना र सङ्क्षिप्तमा बिस दिन गर्ने प्रचलन थियो। त्यसैगरी प्रवजित तथा सामान्य गृहस्थीहरू धेरै भेला भएको बेलामा, समयअनुकूल बोधिचर्यावतारकको चार परिच्छेद अर्थात् पहिलो परिच्छेद '**बोधिचित्तानुशंसा**', दोस्रो '**पापदेशना**', तेस्रो '**बोधिचित्तपरिग्रह**' र चौथो '**परिणामना**' गरी ती चार परिच्छेदहरू मात्र पटक पटक धर्मदेशना गर्नुहुन्थ्यो। पछि गएर यसलाई 'चार परिच्छेदिय बोधिचर्यावतार अर्थात् बोधिचर्यावतार चार परिच्छेद' भनेर चिनियो। अहिले यहाँ पनि ती चार परिच्छेदहरू सङ्क्षिप्तमा बताउनेछु।

साधरणतया भोटमा धर्मग्रन्थको अध्ययन गर्दा सर्वप्रथम बोधिचर्यावतार अध्ययन गर्ने परम्परा छ। किनभने बोधिचर्यावतारमा बोधिचित्तोत्पादको अनुशंसा (लाभ) आदि अध्याशय शोधन अर्थात् सकारात्मक सोचको विकास हुने उपायहरू धेरै बताउनुभएको छ। त्यसैले चित्तमा कुशल प्रभाव पार्न सर्वप्रथम बोधिचर्यावतारको धर्मदेशना सुन्ने गर्छन्।

बोधिचित्तमा संवृत्ति बोधिचित्त र परमार्थ बोधिचित्त गरी दुई भेदहरू छन्। ती दुई मध्ये बोधिचर्यावतारमा भने संवृत्ति बोधिचित्तलाई विशेष रूपले बताउनुभएको छ।

दोस्रो, मूल शास्त्र दर्साउँदा दुई भेदहरू छन्। १. शास्त्रको नाम र अनुवादक वन्दना र २. शास्त्रको उल्लेख।

पहिलो, शास्त्रको नाम र अनुवादक वन्दना-

संस्कृतमा बोधिसत्त्वचर्यावतार,
भोट भाषामा ज्याङ्छ्युब् सेम्पी च्योपाला ज्युग्पा।
सम्पूर्ण बुद्ध र बोधिसत्त्वहरूमा वन्दना।

यहाँ सुरुवातमै शास्त्रको नाम बताउनुको कारण चाहिँ शास्त्रको नामले गर्दा विषयको अर्थ बोध हुने र शास्त्र खोज्न पनि सहज हुने जस्ता विभिन्न कारणहरू रहेका छन्। अनुवादक वन्दना भने भारतका पण्डित तथा भोटका अनुवादकहरूले शास्त्रको अनुवाद कार्य सु-सम्पन्न होस् भनी लेखेका हुन्।

दोस्रो, शास्त्रको उल्लेखमा तीन भेदहरू छन्। १. शास्त्र रचनामा लाग्ने, २. रचना गरिने शास्त्रको वास्तविक स्वरूप, ३. पृष्ठमा सु-सम्पन्न कार्य।

पहिलो, शास्त्र रचनामा लाग्ने-

सुगत, उनका धर्मकाय तथा पुत्र सहित,
वन्दना योग्य सबैलाई वन्दना गर्दै,
सुगत पुत्रको चर्यावतार,
आगम अनुसार सङ्क्षेपमा बताउनेछु॥ १॥

पहिले नभनिएका यहाँ बताइने छैन,
ग्रन्थ रचना गर्ने कुशलता पनि ममा छैन,
त्यसैले परहितको सोच ममा नभए पनि,
आफ्नै चित्तमा भावित गर्न मैले यो रचना गरेँ॥ २॥

पुण्य भावनाको निम्ति मेरो श्रद्धाको बलले,
गरेको रचनाले पनि केही समृद्ध हुनेछ,
म समान [जस्तै] अरूले पनि,
यदि यिनीहरू [शास्त्र]लाई देख्दा अर्थपूर्ण हुनेछ॥ ३ ॥

यसमा वन्दना, ग्रन्थ रचना गर्ने प्रतिज्ञा, अहङ्कार त्यागेको र उत्साह जगाउने गरी चार भेदहरू छन्। तिनीहरूको बारेमा यहाँ विशेष रूपले बताउँदिन। अरू नै टीका (व्यख्यित ग्रन्थ) हेरेमा स्पष्ट हुनेछ।

बोधिचित्तानुशंसा

दोस्रो, रचना गरिने शास्त्रको वास्तविक स्वरूप दर्साउँदा चार परिच्छेदहरू छन्। १. बोधिचित्तानुशंसा, २. पापदेशना, ३. बोधिचित्तपरिग्रह र ४. परिणामना। पहिलो, बोधिचित्तानुशंसा दर्साउँदा दुई भेदहरू छन्। १. बोधिचित्तानुशंसा दर्साउनुको उद्देश्य र २. वास्तविक अनुशंसा दर्साएको।

पहिलो, बोधिचित्तानुशंसा दर्साउनुको उद्देश्य-

बोधिचर्यावतारमा रहेका दश परिच्छेदहरू मध्ये अहिले यहाँ बताउन लागेको चाहिँ अगाडिका तीन परिच्छेदहरू र अन्तिम परिच्छेद गरी जम्मा चार परिच्छेदहरू हुन्। त्यस मध्ये बोधिचित्त प्रति प्रसन्नता (मुदिता) र अभिरुचि उत्पन्न होस् भनी प्रथम परिच्छेद 'बोधिचित्त अनुशंसा' दर्साएको हो। प्रसन्नता र अभिरुचि उत्पन्न भएमा बोधिचित्त प्रति लगाव उत्पन्न हुन्छ जसले गर्दा बोधिचित्तको अभ्यासमा क्रमशः लाग्न सकिन्छ। त्यसैले सर्वप्रथम बोधिचित्तको लाभ (अनुशंसा) बारे बताउनुभएको हो।

दोस्रो, वास्तविक अनुशंसा दर्साउँदा दुई; १. बोधिचित्तको आश्रय र २. आश्रित चित्तोत्पादको अनुशंसा। पहिलो, बोधिचित्तको आश्रयमा पनि दुई; १. सर्वसम्पन्न कायाश्रय र २. सर्वसम्पन्न चित्ताश्रय।

पहिलो, सर्वसम्पन्न कायाश्रय-

यो क्षणसम्पद् प्राप्त गर्न अत्यन्त दुर्लभ छ,

पुरुषार्थ सिद्ध गर्न सक्ने प्राप्त हुँदा,
यदि यसमा हित हुने कार्य नगरेमा,
पछि यस्तो राम्रो संयोग कहाँ हुन्छ र ! ॥ ४ ॥

वास्तवमा अहिले सर्वसम्पन्न कायाश्रय र चित्ताश्रय अर्थात् कुशल तन-मन प्राप्त भएको बेलामा सद्धर्मको अभ्यासमा लाग्नुपर्छ र विशेष गरी आफूमा बोधिचित्त उत्पाद गर्नुपर्छ। सर्वसम्पन्न कायाश्रय अर्थात् क्षणसम्पाद् युक्त मानव चोला पाउन अति नै कठिन छ। अहिले हामीले यस्तो जीवन प्राप्त गर्नु भनेको धेरै भाग्यमानी हो। भाग्यमानी मात्र नभई क्षणसम्पाद् युक्त मानव जीवन अति नै लाभदायी छ र यही कायमा जुनै पनि उद्देश्य पूरा गर्न सकिन्छ। यदि अरू नै काय प्राप्त भएको भए खासै त्यति ठुलो उपलब्धि गर्न सकिँदैन। क्षणसम्पाद्युक्त कायद्वारा उत्तम पुरुष, मध्यम पुरुष र अधम पुरुषका उद्देश्यहरू जे जस्तो भए पनि पूरा गर्न सकिन्छ।

त्यसैले हामी अहिले अति भाग्यमानी छौँ। यो सर्वसम्पन्न काय प्राप्त गरेकोले ठुलो लाभ भएको छ। यस्तो सुवर्ण अवसर प्राप्त भएको बेलामा समय खेर जान नदिई त्यसलाई फलदायी बनाउन सद्धर्मको अभ्यासमा मिहिनेत गर्नुपर्छ। यदि यो कायलाई लाभदायी र अर्थपूर्ण बनाउन सकेन भने भविष्यमा यस्तो उत्तम मानव जीवन प्राप्त गर्न धेरै कठिन छ। त्यसैले अहिले भाग्यशाली भएकै बेला मनलाई यताउता नखेलाई काय र वाक् कुशल कर्ममा लगाउनु अति नै महत्त्वपूर्ण रहेको छ। यसरी हाम्रो शरीर अर्थात् क्षणसम्पाद्युक्त जीवन प्राप्त गर्नु भाग्यमानी भएको कुरा दर्साएको हो।

दोस्रो, सर्वसम्पन्न चित्ताश्रय-

जसरी राति घना बादलको अन्धकारमा,
झिलिक्क बिजुली चम्किँदा एक क्षण झल्लक्क देखिन्छ,
त्यसरी नै बुद्धको कृपाले गर्दा, कहिलेकाहीँ
लोकजनमा पुण्य कर्म गर्ने मति उत्पन्न हुन्छ॥ ५॥

यस्तो दुर्लभ मानव चोला प्राप्त गरेपछि राम्रो सोच हुनु अर्थात् धर्ममा आस्था जाग्नु अति नै सौभाग्यमय हो। उदाहरणको लागि घाम विनाको रात, चन्द्रमा विनाको अँध्यारो, तारा बिनाको घना बादलको अन्धकारमा केही पनि देखिँदैनन् र सोही समय झिलिक्क बिजुली चम्किँदा थोरै क्षण भए पनि वस्तुहरू देखिन्छन्। त्यसरी नै हामीलाई मार्ग देखाउने अरू कोही नभएको बेलामा र आफूसँग पनि मार्ग बोध गर्ने प्रज्ञा नभएको बेलामा, बुद्धको अधिष्ठानले गर्दा थोरै भए पनि कहिलेकाहीँ धर्ममा श्रद्धा जाग्ने र धर्मको स्वभाव बोध हुने प्रज्ञा उत्पन्न हुन्छ। सो उत्पन्न भएको बेलामा त्यसलाई निरन्तरता दिनु अति नै महत्त्वपूर्ण रहेको छ। त्यसरी सद्धर्मको अभ्यासमा लाग्नु पर्छ।

दोस्रो, आश्रित चित्तोत्पादको लाभ दर्साउँदा तीन भेद छन्। १. चित्तोत्पादको साझा लाभ, २. प्रणिधि र प्रस्थान चित्तोत्पादको अ-आफ्नो लाभ, ३. चित्तोत्पादयुक्त व्यक्तिको महानता उल्लेख। पहिलो, चित्तोत्पादको साझा लाभमा पनि तीन उपभेद छन्। १. अरू कुशल कर्मभन्दा विशेष लाभ, २. नाम र अर्थ स्थानोत्तर हुने लाभ र ३. चित्तोत्पादको लाभ छ दृष्टान्तद्वारा दर्साएको।

पहिलो, अरू कुशल कर्मभन्दा विशेष लाभ दर्साएको-

त्यसरी नै पुण्य दुर्बल हुन्छ,
पापको बल सधैं भयङ्कर हुन्छ,
यसलाई बोधिचित्तले नभई,
अरू कुन पुण्यले जित्न सकिन्छ र ? ॥ ६ ॥

धेरै कल्प चिन्तन गर्नुभई,
मुनीन्द्र (बुद्ध)हरूले यही नै हितकारक देख्नुभयो,
यसद्वारा असङ्ख्य जनसमूहले पनि,
परम सुख सहजै प्राप्त गर्न सकिन्छ ॥ ७ ॥

सयौँ भवदुःखहरूलाई नष्ट गर्ने चाहना राखी,
प्राणीहरूको दुःखलाई निर्मूल गर्न चाहने र,
सयौँ सुख उपभोग गर्न चाहनेले पनि,
बोधिचित्त कहिल्यै त्याग्नु हुँदैन ॥ ८ ॥

यसरी सद्धर्मको अभ्यासमा लाग्दा हामीले अति शक्तिशाली पुण्यको अभिवृद्धि गर्नु पर्ने हुन्छ। जति कठिन भए तापनि अकुशल कर्म र क्लेश आवरण दुबै जरैदेखि नष्ट गर्नुपर्छ। अहिलेको समयमा कुशल कर्मको अध्याशय, पुण्यवान् चित्त, मैत्री, करुणा, बोधिचित्त अति कम देखिन्छ भने राग, द्वेष, मोह (अज्ञानता), अहङ्कार (अभिमान), ईर्ष्या आदि क्लेशहरू धेरै देखिन्छन्। हामीले काय, वाक् र चित्तद्वारा अकुशल कर्महरू कति गरिरहेका छौँ भनी सोच्दा अति धेरै, शक्तिशाली, वृहत् र अनगिन्ती गरिरहेका छौँ। त्यसैले बलियो तथा शक्तिशाली अकुशल कर्म

र क्लेशहरूको अन्त गरेर निर्बल कुशल कर्महरूलाई जगाई विशाल र शक्तिशाली बनाउनुपर्छ। यस्तो काम बोधिचित्तले मात्र गर्न सक्छ भने अरू साधारण पुण्यले गर्न सक्दैन। त्यसैले बोधिचित्तद्वारा पुण्य अभिवृद्धि गर्न सक्ने भएकोले जसरी भएपनि बोधिचित्त उत्पाद गर्नु पर्दछ।

सर्वप्रथम बोधिचित्तोत्पादको लाभ वृहत् रहेको कुरा उल्लेख गर्नुको कारण के हो ? भने सम्पूर्ण बुद्धहरूले, "कस्तो कुशल कर्मले प्राणीहरूलाई फाइदा हुन्छ र प्राणीहरूलाई ठुलो फाइदा लाभ हुनको लागि कस्तो कुशल कर्मको मूल सञ्चय गर्दा बेस हुन्छ ?" भनी उहाँहरूले कल्पौंकल्पसम्म राम्ररी परीक्षण गर्दा बोधिचित्तोत्पादद्वारा पुण्यको मूल जसले सञ्चय गर्छ उसलाई लाभ हुन्छ भन्ने बोध भएपछि बुद्धहरूले शिष्य (विनयजन)लाई यही सद्धर्म देशना गर्दै, "तिमीहरूले बोधिचित्त उत्पाद गर्नुपर्छ" भन्नुभएको छ।

त्यसैगरी बोधिचित्तोत्पादको लाभ देख्नुभएपछि उहाँहरूले पनि बोधिचित्त उत्पाद गर्नुभएको हो। त्यसैले बोधिचित्तोत्पाद भयो भने साधारण प्राणी पनि सांसारिक दुःखबाट सहजै मुक्त हुन सक्छ र अन्त्यमा बुद्धपदको सुख पनि अवश्य प्राप्त गर्न सक्छ। हाम्रा शास्ता गौतम बुद्ध आदि भद्र कल्पमा आउनुभएको वा आउनुहुने हजार बुद्धहरूले कस्तो हेतुको अभ्यास गरेर बुद्धपद प्राप्त गर्नुभएको हो भने उहाँहरूले पनि बोधिचित्त उत्पाद गर्नुभई क्रमशः बुद्धपद प्राप्त गर्नुभएको हो।

त्यसैगरी हामीहरू भने संसारमा भौँतारी रहेका छौँ। अनेक दुःखहरू भोगिरहेका छौँ। हामीले किन दुःख भोग्नुपरेको हो ? भने बोधिचित्त उत्पाद गर्न नसकेकोले हामी संसारमै अवस्थित भई दुःख भोग्नुपरेको हो। यदि संसारमै रहिरहेमा नानाथरिका दुःखहरू भोग्नुपर्ने भएकोले बोधिचित्त उत्पाद गर्नु अति नै महत्त्वपूर्ण रहेको छ।

साधरणतया सद्धर्म अभ्यासमा लागेका व्यक्तिहरूमा फरक फरक भावना र सोच हुन्छन्। जे जस्तो सोच भए पनि आफूमा बोधिचित्त छैन भने सर्वप्रथम बोधिचित्त उत्पाद हुने उपाय अपनाउनुपर्छ। यदि बोधिचित्त थोरै छ भने त्यसलाई अभिवृद्धि गर्नुपर्छ।

व्यक्तिहरूमा के-कस्ता फरक भावनाहरू हुन्छन् ? भने कोही व्यक्तिमा त्रिलोकधातुका सयौँ सांसारिक दुःखहरूलाई कम गर्ने भावना हुन्छ। जस्तैः संसारमा अनगिन्ती दुःख भोग्नुपर्ने भएकोले ती दुःखहरू नष्ट पार्नुपर्छ भन्ने सोच हुन्छ। यस्तो भावना भएको व्यक्तिले पनि सांसारिक दुःख अन्त गर्न बोधिचित्त उत्पादको लागि प्रयत्न गर्नुपर्छ।

त्यसैगरी कोही भने स्ययम्लाई मात्र नभई असह्य दुःखले ग्रस्त सबै प्राणीहरू पनि दुःखबाट मुक्त पार्नुपर्छ भन्ने भावना भएकाहरू पनि हुन्छन्। तिनीहरूले पनि सर्वप्राणीको दुःख नष्ट गर्न के उपाय अपनाउनुपर्छ भने बोधिचित्तोत्पादलाई नछोडेर त्यसलाई विस्तार गर्दै, फस्टाउँदै लानुपर्छ। आफू तथा अरू प्राणीहरू सबै परम सुखयुक्त हुनुपर्छ भन्ने भावना भएका अर्थात् सुखहरू उपयोग गर्ने चाहना भएका सयौँले पनि के गर्नुपर्छ ? भने मूलतः बोधिचित्तलाई महत्त्वपूर्ण मान्नुपर्छ। यसैद्वारा सर्वप्राणीहरूलाई परम सुखमा लैजान सकिन्छ भनी यहाँ दर्साएको हो।

दोस्रो, नाम र अर्थ स्थानोत्तर हुने लाभ दर्साएको-

बोधिचित्तोत्पाद भएको क्षणमै,
संसाररूपी यो कारागारमा बाँधिएका बिचरोहरूलाई,
सुगतहरूको पुत्र (बोधिसत्त्व) भनिन्छ,
लौकिक देव-मानवहरूको पनि पूजनीय हुन्छन्॥ ९॥

बोधिचित्तोत्पाद हुने बित्तिकै नाम तथा अर्थ स्थानोत्तर हुने विषय दर्साउँदा, जो व्यक्तिमा बोधिचित्तोत्पादको कुशल अध्याशय उत्पन्न हुन्छ, त्यसले गर्दा सर्वप्रथम सोही व्यक्तिको नाम स्थानोत्तर भएर जान्छ। किनभने बोधिचित्त उत्पन्न हुनुअघि उसलाई संसारमा अवस्थित साधारण व्यक्ति (पृथग्जन) भनेर चिनिन्छ भने बोधिचित्त उत्पन्न हुनसाथ उसलाई बुद्धपुत्र वा सुगतपुत्र (बोधिसत्त्व) भनी सम्बोधन गर्ने बाहेक 'पृथग्जन' भनेर सम्बोधन गर्दैनन्। त्यसैगरी अर्थमा पनि परिवर्तन हुन्छ किनभने बोधिचित्त उत्पन्न नहुँदा ऊ साधारण प्राणी अर्थात् छ गतिमा अवस्थित प्राणी हो भने बोधिचित्तोत्पाद भएपछि लोकधातुमा प्रख्यात देवता तथा मानवहरूको पनि पूजनीय, सर्वगुणयुक्त र अति विशेष भएर जान्छ।

तेस्रो, चित्तोत्पादको लाभ छ दृष्टान्तद्वारा दर्साएको-

जसले यो अशुचि शरीरलाई,
अमूल्य जिनरत्नरूपी प्रतिमा बनाइन्छ,
त्यो बोधिचित्त भन्ने अत्यन्त वेधनीय रसायनलाई,
दृढता पूर्वक ग्रहण गर्नू॥ १० ॥

सत्त्वको एक मात्र नायकले अपरिमित मतिद्वारा,
गहन परीक्षण गर्दा मूल्यवान् देखेकोमा,
संसारबाट मुक्त हुन चाहनेहरूले,
यो अमूल्य बोधिचित्तलाई राम्ररी ग्रहण गर्नू॥ ११ ॥

अरू पुण्यहरू सबै केराको बोट जस्तै,
फल दिएपछि नाश भएर जान्छ।

बोधिचित्तको बोट भने निरन्तर फल दिँदै,
नाश नभई अभिवृद्धि हुन्छ ॥ १२ ॥

भयङ्कर पाप गरे तापनि,
शूरवीरको आश्रयले ठुला डरहरूबाट मुक्त भए झैँ,
जसको आश्रयले क्षणमै मुक्त हुन्छ,
त्यसमा अप्रमादीहरूले किन आश्रय नलिने ॥ १३ ॥

यसले युगान्तको आगोले झैँ महापापहरू,
एक क्षणमै जलाएर ध्वस्त पारिदिन्छ,
यसको अतुलनीय लाभहरू,
मैत्रेयनाथले सुधनलाई बताउनुभएको छ ॥ १४ ॥

चित्तोत्पादको लाभ दृष्टान्तद्वारा दर्साउँदा, यहाँ पाँच फरक दृष्टान्तहरू (उदाहरणहरू) प्रत्यक्ष दर्साउनुभएको छ। १. वेधनीय रसायनको दृष्टान्तद्वारा बुद्धत्व प्राप्त हुन्छ भनी दर्साएको छ। २. अमूल्य रत्नको दृष्टान्तद्वारा ठुलो महत्त्व भएको दर्साएको छ। ३. फलयुक्त बोटको दृष्टान्तद्वारा कुशल कर्मको मूल नाश नभई झन् अभिवृद्धि हुन्छ भनी दर्साएको छ। ४. पराक्रमी शूरवीरको दृष्टान्तद्वारा ठुला पाप कर्महरू पनि दमन हुन्छ भनी दर्साएको छ। ५. युगान्तको आगोको दृष्टान्तद्वारा ठुला पापकर्महरू जरादेखि नै निर्मूल पार्छ भनी दर्साएको छ। यी पाँच दृष्टान्तहरू र बुद्धको अरू आगम (वचन)मा उल्लेख गरिएको अर्को एउटा दृष्टान्त गरी जम्मा छ समूह रहेका छन्। ती दृष्टान्तहरू बुझ्न सजिलो भएकोले यहाँ व्याख्या गर्दिन। यसरी सामान्य रूपले बोधिचित्तोत्पादको लाभ दर्साएको हो।

दोस्रो, प्रणिधि र प्रस्थान चित्तोत्पादको आ-आफ्नो लाभ दर्साउँदा तीन भेद छन्। १. प्रणिधि र प्रस्थान चित्तोत्पादको प्रकार, २. प्रणिधि र प्रस्थान चित्तोत्पादबाट हुने लाभको भिन्नता, र ३. आगम (बुद्ध वचन) र तर्कद्वारा प्रमाणित गरेको।

पहिलो, प्रणिधि र प्रस्थान चित्तोत्पादको प्रकार-

सङ्क्षिप्तमा बोधिचित्तको,
दुई भेदहरू छन् भनी बुझ्,
ती प्रणिधि बोधिचित्त,
र प्रस्थान बोधिचित्त हुन्॥ १५॥

जाने चाहना भएको र जानुको,
अन्तरलाई जसरी बुझिन्छ,
त्यसैगरी विद्वानले ती दुईका,
भेदलाई क्रमशः बुझ्नुपर्छ॥ १६॥

चित्तोत्पादको आ-आफ्नो लाभ दर्साउँदा, सर्वप्रथम चित्तोत्पादको प्रकार दर्साएको छ। चित्तोत्पाद दुई प्रकारका छन्; प्रणिधि बोधिचित्त र प्रस्थान बोधिचित्त। प्रणिधि बोधिचित्त भनेको के हो ? प्रस्थान बोधिचित्त भनेको के हो ? ती दुई बिच के भिन्नता छ ? भने त्यसलाई उदाहरणद्वारा दर्साउँदा, जस्तैः एक जना व्यक्तिले भारतको बोधगया जानुपर्‍यो भनी सोच्दा त्यो व्यक्तिमा जान्छु भन्ने सोच बाहेक वास्तवमा ऊ गएको हुँदैन। तर अर्को एक जनाले म बोधगया जान्छु भन्ने सोची वास्तवमै पाइला चालेर त्यसको लागि जे पनि गरेर साँच्चिकै जाने काम गरेको हुन्छ। यी दुई उदाहरणहरू

जस्तै प्रणिधि बोधिचित्त भन्नाले 'सर्वप्राणी हितको लागि मैले सर्वज्ञ सम्बुद्धपद प्राप्त गर्नुपर्छ र सर्वप्राणीको कल्याण गर्नुपर्छ' भन्ने सोच्नु मात्रलाई बुझिन्छ। प्रस्थान बोधिचित्त भन्नाले 'म प्राणीको कल्याण गर्छु' भन्ने सोचका साथ वास्तवमै व्यवहारमा उतार्नुलाई बुझिन्छ।

दोस्रो, प्रणिधि र प्रस्थान बोधिचित्तको लाभको भिन्नता-

प्रणिधि बोधिचित्तद्वारा,
संसारमा ठुलो फल प्राप्त गरे तापनि,
प्रस्थान बोधिचित्तको जस्तो,
निरन्तर पुण्य प्राप्त हुँदैन॥ १७॥

जबदेखि असङ्ख्य सत्त्वधातु,
मुक्त गर्नको लागि,
पछि नहट्ने दिगो चित्तद्वारा,
जसले चित्तोत्पादलाई राम्ररी ग्रहण गर्छ॥ १८॥

तबदेखि निदाउँदा वा,
प्रमादी हुँदा पनि पुण्यको बल,
अटुट रूपले निरन्तर,
आकाश समान धेरै प्राप्त भइरहन्छ॥ १९॥

यसरी प्रणिधि र प्रस्थान बोधिचित्तको स्वरूप दर्शाइसकेपछि यी दुई बोधिचित्तहरूबाट हुने लाभ बताउँदा, हाम्रो चित्तमा प्रणिधि बोधिचित्त उत्पन्न हुँदा अति फाइदाजनक र अचिन्त्य लाभ रहेको छ। पुण्यको मूल धेरै भन्दा

धेरै अभिबृद्धि हुँदै जाने जस्ता अथाह लाभ रहेको छ। तर पनि प्रणिधि बोधिचित्तबाट हुने लाभ र प्रस्थान बोधिचित्तबाट हुने लाभलाई दाँज्दा प्रस्थान बोधिचित्तबाट अटुट लाभ प्राप्त भइरहन्छ भने प्रणिधि बोधिचित्तबाट त्यस्तो हुँदैन। आफूमा प्रणिधि बोधिचित्त उत्पन्न भएको क्षणमा मात्र पुण्य प्राप्त हुन्छ। त्यस बाहेक प्रस्थान बोधिचित्त झैँ अटुट रूपले निरन्तर प्राप्त हुँदैन। त्यसैले प्रस्थान बोधिचित्तबाट ठुलो लाभ हुन्छ।

प्रस्थान बोधिचित्तको सन्दर्भमा भने प्रस्थान बोधिचित्तमा प्रवेश गरेको प्रथम क्षणदेखि नै महाप्रतिज्ञा गरेको हुन्छ। सो महाप्रतिज्ञा गरेदेखि नै दिनको समयमा आफूले बोधिचर्या अभ्यास गरेको बेलामा मात्र नभई राति निदाएको बेलामा पनि नदी बगेसरी स्वतः त्यसको लाभ भइरहन्छ। त्यति मात्र नभई दिनमा पनि कहिलेकाहीँ चित्त चञ्चल (प्रमादी) भई कुशल कर्मको अभ्यास नगर्ने अवस्था हुन सक्छ। तर जे जस्तो अवस्थामा पनि उक्त पुण्यको बल अटुट रूपले नदी बगे झैँ लगातार प्राप्त भइरहन्छ। उक्त पुण्यको मूल पनि थोरै वा सानो नभई आकाशसमान विशाल प्राप्त हुन्छ भनी दर्साएको छ।

तेस्रो, आगम र तर्कद्वारा प्रमाणित गर्दा दुई; १. आगमद्वारा प्रमाणित गर्ने र २. तर्कद्वारा प्रमाणित गर्ने।

पहिलो, आगमद्वारा प्रमाणित गर्ने-

यसलाई प्रमाणित गर्दै,
सुबाहुप्रृच्छा [सुत्रमा],
हीन अधिमुक्ति सत्त्वका निम्ति,
तथागत स्वयम्ले बताउनुभयो॥ २०॥

सामान्यतया प्रणिधि बोधिचित्तद्वारा पनि ठुलो लाभ हुन्छ। तर प्रस्थान बोधिचित्तद्वारा भने विशेष गरी झनै वृहत् लाभ हुन्छ। तर यो कुरा सत्य हो त ? भन्ने खालका शङ्का उपशङ्काहरू कहिलेकाहीँ मनमा उत्पन्न हुन सक्छन्। त्यस्ता भ्रम तोड्न प्रमाणहरू देखाउनुभएको छ। जो व्यक्ति (पुद्गल) आगम अर्थात् बुद्धवचनलाई विश्वास गर्छन् त्यस्तालाई बोधिचित्तोत्पादको लाभ हुन्छ भन्ने कुरा आगमद्वारा प्रमाणित गरिन्छ। जस्तै: “बुद्ध वचनमा यस्तो भनिएको छ” भनी प्रमाणित गरिएको छ।

त्यसैगरी बोधिचित्तोत्पादको लाभ बारे, **भगवान् बुद्धले ‘सुबाहुपरिपृच्छा सुत्र’मा-**

> “सुबाहु ! बोधिसत्त्वहरूले बोधिचित्तोत्पाद अनुस्मृति गरेर सर्वप्राणी हित र सुखको लागि कवच लगायो भने उक्त वृहत् पुण्यको मूलहरू चित्त प्रमादी (चञ्चल) भए पनि, चित्त अर्कै तिर भौँतारिए वा निदाए पनि बोधिचित्त हरपल फैलिएर विशाल भई सर्वसम्पन्न हुन्छ।” भन्नुभएको छ।

किन भन्नुभएको हो ? भने सामान्य वर्गलाई ध्यानमा राखी, जो म मात्र मोक्ष प्राप्त गर्छु, म मात्र सांसारिक दुःखबाट मुक्त हुन्छु भन्ने चाहना राख्नेहरूलाई आफ्नो स्वार्थ पूर्ति गर्ने मात्र नभई स्वयम् र पर अर्थात् सम्पूर्ण प्राणीहरूको लागि कुशल कर्मको प्रयत्न (वीर्य) गर्नको निमित्त भन्नुभएको हो। कुन सुत्रमा बताउनुभएको छ ? भने माथि उल्लिखित ‘बोधिसत्त्व सुबाहुपरिपृच्छा सुत्र’मा बोधिचित्तोत्पादको यस्तो वृहत् लाभ भएको कुरा बताउनुभएको छ।

दोस्रो, तर्कद्वारा प्रमाणित गर्दा दुई; १. प्रणिधि बोधिचित्तको अनुशंसा तर्कद्वारा प्रमाणित गरेको र २. प्रस्थान बोधिचित्तको अनुशंसा तर्कद्वारा प्रमाणित गरेको ।

पहिलो, प्रणिधि बोधिचित्तको अनुशंसा तर्कद्वारा प्रमाणित गरेको-

प्राणीहरूको टाउको दुख्ने पीडा मात्र,
निको होस् भन्ने चिन्तन पनि,
हितकारी सोच भएकोले,
अपार पुण्य प्राप्त हुन्छ भने ॥ २१ ॥

हरेक प्राणीको असङ्ख्य दुःखहरू,
हटाउने चाहना सहित,
हरेकले असङ्ख्य गुणहरू,
प्राप्त होस् भन्ने चाहनेको त के कुरा ॥ २२ ॥

बुबा होस् या आमा,
कोसँग होला यस्तो हितकारी चित्त,
देवता, ऋषिहरू, वा ब्रह्ममा पनि
होला त यस्तो चित्त ॥ २३ ॥

ती प्राणीहरूमा सर्वप्रथम,
स्वयम् आफ्नै लागि यस्तो सोच,
सपनामा पनि आउँदैन भने,
अरूको लागि कहाँ आउँछ र ॥ २४ ॥

अरूमा आफ्नै स्वार्थको लागि पनि,
यस्तो चित्त उत्पन्न हुँदैन,
सत्त्वहिताय यो विशिष्ट चित्तरत्न,
अपूर्व उत्पन्न हुनु अद्भुत छ॥ २५॥

सम्पूर्ण सत्त्वहरू आनन्दको हेतु,
प्राणीहरू दुःखको औषधीरूपी,
चित्तरत्नको पुण्य जुन छ,
त्यसलाई कसरी मापन गर्न सकिन्छ र॥ २६॥

कोही मान्छे आगमको अनुसरण नगर्ने तर वास्तविक तर्कमा मात्र विश्वास गर्ने हुन्छन्। त्यस्ता व्यक्तिको लागि बुद्धले वचनद्वारा मात्र नभई तर्कद्वारा पनि प्रमाणित गरेका छन्।

तर्कद्वारा प्रमाणित गर्दा दुई भेदहरू रहेका छन्। प्रणिधि बोधिचित्तोत्पादको लाभ वृहत् भएको कुरा तर्कद्वारा प्रमाणित गर्ने र प्रस्थान बोधिचित्तोत्पादको लाभ वृहत् भएको तर्कद्वारा प्रमाणित गर्ने। प्रणिधि बोधिचित्तोत्पादको लाभ वृहत् हुनुको कारण के हो ? भने उदाहरणको लागि एउटा मान्छेलाई टाउको दुखेको बेला, 'उसको टाउको दुख्ने पीडा निर्मूल पार्नुपर्छ, उक्त रोगबाट छुटकार पार्न सके हुन्थ्यो' भन्ने सकारात्मक सोच जाग्नु एउटा कुशल र हितकारी भावना हो। उक्त सोच भविष्यमा अथाह पुण्य प्राप्ति हुने कुशल भावना हो। यस्तो सोच पनि कुशल हो भने बोधिचित्तोत्पाद त त्यो भन्दा पनि अति विशेष हो भनी भन्नै पर्दैन।

त्यसैगरी दुःखलाई निर्मूल पार्ने सन्दर्भमा, 'हरेक प्राणीले शिर दुख्ने जस्ता पीडा मात्र नभई अहिलेदेखि अनन्त काल सम्म दुःख भोग्नुपर्ने

भएकोले त्यस्ता अचिन्त्य दुःखहरूको निरन्तरतालाई चिरेर ती सारा दुःखहरू नष्ट गर्नुपर्छ' भन्ने अध्याशय उत्पन्न भएकोले उक्त सोच अति विशाल भएको हो।

त्यसैगरी सुख स्थापित गर्ने सन्दर्भमा, 'सुख थोरै वा कहिले काहीँ, एक-दुई वर्ष वा सय वर्ष मात्र नभई सर्वसत्त्वलाई अपार सुख तथा उत्कृष्ट गुण रहेको बुद्धपदमा पुऱ्याउनु पर्छ' भन्ने भावना उत्पन्न भएकोले त्यस्तो भावना अति वृहत् हो। त्यसैले सर्वप्राणीको दुःख जरैदेखि नष्ट पार्ने चाहना र तिनीहरूलाई सुख, ऐश्वर्य र सर्वगुण प्राप्त होस् भन्ने चाहना जस्ता कुशल अध्याशय हुँदा ठुलो लाभ हुन्छ भनी भन्नै पर्दैन।

यस्तो महान् विचार अरू कुनै प्राणीमा हुँदैन। जस्तैः संसारमा बुबा-आमाले आफ्नो सन्तानको लागि राम्रो सोच्नुलाई कुशल आशयको उदाहरण योग्य माने पनि बुबा-आमाले आफ्नो सन्तान विद्वान होस्, प्रख्यात होस्, स्वस्थ होस् भन्ने मात्र सोचेका हुन्छन् भने बोधिचित्त जस्तो अति हितकारी र विशाल हुँदैन।

आमाबुबाहरू आफ्ना छोराछोरीको खुसी र भलो चिताउने त हुन्छन्। तर संसारमा सबैभन्दा धेरै प्रिय र महत्त्वपूर्ण कसलाई मान्छन् त ? भने स्ययम् आफूलाई मान्छन्। जस्तैः मलाई दुःख नहोस्, मलाई सुख प्राप्त होस् भन्ने कुरामा ध्यान दिन्छन्। त्यसैगरी म धनी होऊँ, प्रसिद्ध होऊँ, [क्षणिक] सुख तथा खुसी प्राप्त होस्, दुःख रहित होस् भन्ने जस्ता चाहना हुन्छन्। तर म यो संसार र दुर्गतिको दुःखबाट मुक्त हुनुपर्छ, बुद्धपद प्राप्त गर्नुपर्छ भन्ने चाहाना अथवा सोच हुँदैन।

वास्तवमा राम्ररी नियालेर हेर्दा, आफ्नो लागि पनि त्यस्तो वृहत् र कुशल अध्याशय राति सपनामा त आउँदैन भने दिनमा कहाँ आउँछ र ?

त्यसैले आफ्नो लागि त्यस्तो सोच सपनामा पनि नआएमा अरूको लागि कहाँ आउँछ त ? आउनै सक्दैन। यसरी दुर्लभ बोधिचित्तको उत्कृष्ट भावना अहिले हामीमा उत्पन्न हुनु भनेको अति भाग्यमानी हुनु हो जुन अति लाभदायी र कुशल अध्याशय हो। यसरी प्रणिधि बोधिचित्तको अध्याशय वृहत् र लाभ गहन तथा अचिन्त्य भएको कारण यहाँ दर्साएको हो।

दोस्रो, प्रस्थान बोधिचित्तको अनुशंसा तर्कद्वारा प्रमाणित गरेको-

हित होस भन्ने सोच्नु मात्र पनि,
बुद्धको पूजा गर्नु भन्दा विशेष हुन्छ भने,
सम्पूर्ण प्राणीका सुखको लागि,
प्रयत्न गर्नेको त के कुरा॥ २७॥

दुःख हटाउने चाहना भए तापनि,
दुःखतर्फ नै दौडिरहन्छन्,
सुख चाहे पनि अज्ञानताले गर्दा,
आफ्नो सुखलाई शत्रु झैँ नष्ट गर्छन्॥ २८॥

जो सुखबाट वञ्चित भई,
अनेकौँ दुःखबाट पीडित भएकालाई,
सम्पूर्ण सुखले तृप्त पार्दै,
सबै दुःखहरू नष्ट पारेर॥ २९॥

अज्ञानतालाई पनि निर्मूल पार्ने,
यो समानको पुण्य कहाँ छ र ?

त्यस्तो मित्र पनि कहाँ छ र ?
त्यस्तो पुण्य पनि कहाँ छ र॥ ३० ॥

त्यसपछि प्रस्थान बोधिचित्तको लाभ विशाल भएको कारण दर्साएको छ। प्रस्थान बोधिचित्तको लाभ निदाउँदा वा प्रमादी हुँदा पनि अटुट रूपले प्राप्त भइरहन्छ। साधरणतया भगवान् बुद्धलाई चढाउनु वा पूजा गर्नु भन्दा एउटा मान्छेको भलो चिताउँदा अति विशेष तथा वृहत् लाभ हुन्छ भने प्रस्थान बोधिचित्त त त्यति मात्र नभई प्राणीको सुख र खुसीको लागि व्यवहारमै उतारेर कार्य गर्छन्। त्यसैगरी एउटा, दुइटा, सय, हजार वा लाखौं प्राणीको लागि मात्र नभई आकाश समान सम्पूर्ण प्राणीहरूको सुख तथा खुसीको लागि मिहिनेत (वीर्य) गर्ने भएकोले यस्तो अथाह मिहिनेत र विशाल आशयद्वारा सत्त्वहितको कार्य गर्दा त त्यसको लाभ वृहत् हुन्छ भनी भन्नै पर्दैन।

सामान्यतया जुनै प्राणीलाई पनि दुःख मन पर्दैन र त्यसबाट मुक्त हुने चाहना हुन्छ। तर अविद्याको कारण ती दुःखहरू कसरी निर्मूल गर्ने भन्ने बुझेको हुँदैन। त्यही नबुझेकोले नचाहँदा नचाहँदै पनि दुःख प्राप्त भइरहेको हुन्छ। त्यसैगरी सबैलाई सुख मन पर्छ र सुख प्राप्तिको चाहना हुन्छ। तर अज्ञानता (मोह)को कारण सुख चाहँदा चाहँदै पनि आफ्नो वास्तविक सुखको अन्त गर्नेतिर लागिपरेको हुन्छ। त्यही कारण प्राणीहरू सुखबाट टाढिएर अनेक दुःखबाट ग्रसित हुन्छन्।

बोधिसत्त्वहरूले भने क्रमशः भविष्यमा सम्पूर्ण सुख प्राप्त गर्छन् र सम्पूर्ण दुःखबाट मुक्त हुन्छन्। दुःखको हेतु (बीउ) अज्ञानतालाई पनि निर्मूल पार्न मिहिनेत गर्ने भएकोले प्रस्थान बोधिचित्तको जस्तो अथाह लाभ र पुण्य बोधिसत्त्वमा बाहेक अरू कसैमा हुँदैन। यसरी सारा दुःखबाट मुक्त

गरी सर्वसुख प्राप्त गर्न सहयोग गर्ने कल्याणमित्र, साथी, इष्टमित्र, प्रियजन को छ त ? भने बोधिसत्त्व बाहेक अरू कोही छैन। त्यसैले बोधिचित्तको पुण्य जस्तो अथाह पुण्य अरू कहाँ छ ? भने त्यो भन्दा ठुलो लाभ हुने पुण्यको मूल अरू छँदै छैन, भन्नुभएको हो।

तेस्रो, चित्तोत्पादयुक्त व्यक्तिको महानता दर्साएको-

उपकारीलाई प्रत्युपकार गर्ने वाला पनि,
प्रशंसनीय हुन्छ भने,
लेनदेन विना नै हित गर्ने,
बोधिसत्त्वको त के कुरा॥ ३१ ॥

थोरै सत्त्वलाई साधारण भोजन दिने,
क्षणभरको लागि खान मात्र दान गर्ने र,
तिरस्कारसहित एक छाक दिनेलाई पनि,
पुण्यको काम गऱ्यो भनी मान्छेले सम्मान गर्छन्॥ ३२ ॥

असङ्ख्य प्राणीहरूलाई लामो समयसम्म,
सुगतको अनुत्तर सुख,
चित्तले सोचेका सबै पूर्ति गर्ने र,
निरन्तर दान गर्नेको त भन्नै पर्दैन॥ ३३ ॥

जो कोहीले यस्ता जिनपुत्र दाताप्रति,
यदि पाप चित्त उत्पन्न गर्छ भने,
पापचित्तको गन्ती जति कै कल्पसम्म,

ऊ नरकमा रहन्छ भनी मुनिले भन्नुभयो ॥ ३४ ॥

यदि जसको मनमा श्रद्धा हुन्छ,
त्यसको फल त्यो भन्दा धेरै भएर जान्छ,
जिनपुत्रहरूमा ठुलो विघ्न पर्दा पनि,
पाप हुँदैन बरु पुण्य सहजै फैलिन्छ ॥ ३५ ॥

जसमा उत्तम चित्तरत्न उत्पन्न भयो,
त्यो कायमा वन्दना गर्दै,
जसलाई हानि पुऱ्याउँदा पनि सुख दिलाउने,
त्यो सुखाकरको शरणमा जान्छु ॥ ३६ ॥

चित्तोत्पादयुक्त व्यक्तिको महानता यानि गुणको व्याख्या गर्दा, उदाहरणको लागि एउटा मान्छेले उपकार गर्दा यता पनि त्यसको प्रतिउत्तरमा उपकार गर्छ भने त्यो राम्रो कार्य हो। त्यति मात्र नभई प्रत्युपकार गर्ने व्यक्ति प्रशंसाको लायक हुन्छ। बोधिसत्त्व त त्यो भन्दा पनि अति विशेष हो। किनभने कसैले आज्ञा दिएर "राम्रो गर" नभने तापनि सर्वप्राणीको कल्याण वृहत् रूपले गर्ने भएकोले बोधिसत्त्व कुशल हो र प्रशंसनीय छ भनी भन्नै पर्दैन।

त्यसैगरी कोही मान्छे भने गरिबलाई थोरै भए पनि खाना दिने गर्छन्। उक्त खानाले कति फाइदा हुन्छ ? त्यसले आधा दिन (एक छाक) पेट भर्छ। त्यस्तो कार्यलाई पनि ठुलो पुण्य गरेको भनी सबै जनाले प्रशंसा गर्छन् भने बोधिसत्त्वहरूले त त्यति मात्र नभई बोधिचित्त उत्पाद भएदेखि लामो समय अर्थात् लोकन्त नभएसम्म आकाशसमान अचिन्त्य प्राणीहरूलाई परम सुख र विशेष लाभ युक्त फल बुद्धपद प्राप्ति र सम्पूर्ण प्राणीहरूको इच्छा पूर्ति

गर्न मिहिनेत गर्छन्। त्यो पनि कहिलेकाहीँ मात्र नभई सधैं दान गरिरहने बोधिसत्त्वहरू प्रशंसनीय र सम्माननीय हुन् भनी भन्नै पर्दैन।

यदि यस्तो बोधिसत्त्वलाई कोही व्यक्तिले काय र वाक्‌ले प्रत्यक्ष रूपमा हानि पुऱ्याउँदा त्यसको दोष (पाप) हुने कुरा गर्नै पर्दैन। **भगवान् बुद्धले भन्नुभएको छ-**

> "यदि रिस आदि हानि पुऱ्याउने सोच मात्र उत्पन्न भयो भने त्यस्तो मनसायको व्यक्तिलाई अति ठुलो दोष (महापाप) हुन्छ।"

'**आर्य प्रशान्त विनिश्चय प्रतिहार्य नाम समाधि महायान सुत्र**'मा-

> "मञ्जुश्री ! बोधिसत्त्वले बोधिसत्त्वप्रति रिस र तिरस्कार भाव जति उत्पन्न हुन्छ त्यति नै कल्प प्राणीको नरकमा दुःख भोग्नु पर्ने हुन्छ। त्यसैले कवच धारण गर।" भन्नुभएको छ।

कुनै एक महान् व्यक्तिले भन्नुभएको छ, "बोधिसत्त्वलाई आलम्बन गरेर श्रद्धा, प्रसन्नता (मुदिता) र उत्साह उत्पन्न भएमा त्यसको फल स्वरूप ठुलो लाभ प्राप्त हुन्छ।"

त्यसैगरी '**आर्य नियत अनियतगति मुद्रावतार नाम महायान सुत्र**'मा-

> "मञ्जुश्री ! मानिलिऊ, यदि दश दिशाका लोकधातुमा अवस्थित सम्पूर्ण प्राणीहरूको आँखा निस्किँदा, कूलपुत्र तथा कूलपुत्री जो कोहीले ती प्राणीहरूलाई मैत्रीपूर्ण भावले तिनीहरूको आँखा उत्पन्न (पुनर्स्थापना) गरेको भन्दा, मञ्जुश्री ! कूलपुत्र तथा कूलपुत्री अरू कोहीले महायानमा आस्था राख्ने बोधिसत्त्वलाई श्रद्धाभाव राख्छ भने यसबाट अचिन्त्य महापुण्य प्राप्त हुन्छ।" भन्नुभएको छ।

यसरी बोधिचित्तोत्पाद अनुशंसा दर्शाउने अध्याय बारे सङ्क्षिप्त बताइएको हो।

यहाँ प्रथम परिच्छेदमा बोधिचित्त लाभ बारे बताउनुभएको छ जुन अति नै महत्त्वपूर्ण हो। बोधिचित्तको लाभ राम्ररी बुझेपछि त्यसले गर्दा बोधिचित्त उत्पाद गर्न सकिन्छ र बोधिचर्याको अभ्यास गर्ने प्रयत्न गर्छ। त्यसैगरी अभ्यास तथा ध्यान कहिलेकाहीँ मात्र गर्नेहरूले पनि ठुलो श्रद्धाका साथ धेरै मिहिनेत गर्ने गर्छन्। तर कोही भने 'ध्यान भावनाको विस्तार भएन' भनी असन्तुष्ट हुन्छन्। यहाँ ध्यान विस्तार नहुनुको मूल कारण के हो ? भने ध्यान गर्न नजानेर होइन। त्यसैगरी ध्यान अभ्यासमा मिहिनेत नगरेकोले ध्यानको विकास नभएको पनि होइन।

त्यसो भए कारण के हो त ? के हो भने अभ्यासको राम्ररी विकास हुनलाई उपाय कौशल (प्रज्ञा) हुनुपर्छ। उपायको सन्दर्भमा, बोधिचित्त उत्पाद गरी बोधिचर्याको अभ्यासमा प्रयत्न गर्नुपर्ने हुन्छ। यही गर्न नसक्नाले ध्यानको विस्तार यानि प्रगति हुन नसकेको होला भन्ने मलाई लाग्छ। अहिले मैले बोधिचर्यावतार देशना गर्ने अवसर प्राप्त भएकोमा धेरै नै सौभाग्यमय ठानेको छु। त्यसले ती समस्याहरूको समाधान भयो होला भन्ने आशा राखेको छु।

बोधिचर्यावतारको बोधिचित्तोत्पाद अनुशंसा नामक प्रथम परिच्छेद समाप्त भयो।

पापदेशना

दोस्रो, पापदेशना परिच्छेदमा चार भेदहरू छन्। १. पूजा, २. वन्दना, ३. शरण गमन, र ४. पापदेशना। पहिलोमा पनि दुई उपभेद छन्। १. सामान्य उल्लेख र २. शास्त्रको वास्तविकार्थ।

पहिलो, सामान्य उल्लेख-

बोधिचर्यावतारको दोस्रो अध्यायलाई 'पापदेशना' भनिएता पनि त्यसमा पूजा, वन्दना, शरण गमन र पापदेशना गरी चार विषयहरूको वर्णन गरिएको छ। वास्तवमा छ पारमितहरू मध्ये बोधिचर्यावतारमा क्षान्ति, वीर्य, ध्यान र प्रज्ञा गरी चार ओटा प्रत्यक्ष दर्साएको छ। बाँकी दुई अर्थात् दान र शील भने प्रत्यक्ष दर्साएको छैन।

ती दुई कसरी दर्साएको छ ? कसरी भने दानलाई विशेष गरी पूजामा समेटिएको छ। त्यसैगरी अप्रमादी र सम्प्रजन्य (सचेतना) दर्साउँदा शीललाई समेटेर दर्साएको छ। त्यसैकारण बोधिचित्त उत्पाद गर्न सामान्यतया दान गर्नुपर्ने हुन्छ। दान गर्दा पनि करुणामय चित्तले गरिब आदि विपन्न वर्गलाई गर्ने दान र श्रद्धा पूर्वक त्रिरत्नलाई गर्ने पूजा गरी दुई प्रकारका छन्। ती मध्ये अहिले यहाँ पूजा बारे दर्साएको छ।

वास्तवमा आफूमा बोधिचित्त उत्पाद गर्नुपर्छ। उत्पाद गर्ने उपाय के हो ? बोधिचित्तको लाभ र कारणहरू सबै राम्ररी बुझ्नु हो। ती सबै बुझेपछि

स्वतः बोधिचित्तप्रति आस्था र अभिरुचि जाग्छ। यदि वृहत् आस्था र अभिरुचि छ भने त्यसले गर्दा बोधिचित्त स्वतः उत्पन्न हुन्छ। त्यसैले पनि प्रथम अध्यायमा बोधिचित्तको लाभबारे बताउनुभएको हो।

अहिले यहाँ दर्साएको चाहिँ आफैँले अभ्यास गरेर बोधिचित्त उत्पाद गर्नुपर्ने र उत्पन्न भएको बोधिचित्तलाई पतन हुन नदिई अभिवृद्धि गर्नुपर्छ भन्ने हो। नत्र केवल मनदेखि 'म भित्र बोधिचित्त उत्पन्न हुनुपर्छ' भनेर सोच्नु मात्रले उत्पन्न हुँदैन। त्यसैगरी 'मेरो यो बोधिचित्त विस्तार हुनुपर्छ, म बोधिचित्तलाई अभिवृद्धि गर्छु' भनी सोचेर मात्र अभिवृद्धि हुन सक्दैन।

उसो भए के गर्नुपर्छ ? भने आफ्नो शरीर र सम्पत्तिद्वारा मिहिनेत गर्नुपर्छ अर्थात् अमूल्य बोधिचित्तको लागि शारीरिक रूपले परिश्रम गरेर मिहिनेत गर्नुपर्छ। त्यसैगरी धन सम्पत्ति खर्चिएर अरूलाई लाभ पुऱ्याई बोधिचित्त उत्पन्न हुने उपाय अपनाउनुपर्छ। त्यसले गर्दा आफूमा बोधिचित्त उत्पन्न हुनुका साथै धेरै अभिवृद्धि हुँदै जान्छ।

त्यसैले सर्वप्रथम यहाँ धन सम्पत्तिद्वारा पूजा गर्नुपर्ने बारे बताउनुभएको हो। यदि अहिले आफ्नो धन सम्पत्ति सद्धर्म र बोधिचित्त उत्पादको लागि खर्च गर्न नसक्ने वा बोधिचित्त र सद्धर्मलाई महत्त्वहीन अर्थात् आफ्नो धन सम्पत्ति नै महत्त्वपूर्ण रहेको सम्झी धर्ममा श्रद्धा नजाग्ने भएमा त्यसले गर्दा धन सम्पत्तिप्रतिको लगाव (आसक्ति) त्याग्न नसक्ने हुन्छ। त्यसको विपरीत आफूमा बोधिचित्त उत्पन्न हुन र सद्धर्म प्राप्त गर्नका लागि विशुद्ध रूपले पूजा वा दान आदि गरेमा आफ्नो सम्पत्ति भन्दा सद्धर्म अमूल्य छ भन्ने आभास हुन्छ। त्यसैको हेतु र प्रत्ययले गर्दा सद्धर्मप्रति ठुलो श्रद्धा र आदर भाव जागृत हुन्छ जसले गर्दा सद्धर्म राम्ररी अभ्यास गर्न सकिन्छ र विशेष गरी आफूभित्र बोधिचित्त उत्पाद गर्न सकिन्छ।

त्यसो नभई सद्धर्म र बोधिचित्त भन्दा आफ्नो तन र धनलाई महत्त्वपूर्ण मानेमा मुख्यतय धन सम्पत्ति मात्र कमाउने बाहेक सद्धर्मको अभ्यास गर्न सकिँदैन। त्यसैले यहाँ अमूल्य बोधिचित्त पालनको प्रतिज्ञा पूरा गर्न पूजा गरेको हो भनी बताउनुभएको हो।

दोस्रो, शास्त्रको वास्तविकार्थमा पाँच भेद छन्। १. प्रत्यक्ष सम्पत्तिद्वारा पूजा, २. चित्तद्वारा निर्मित पूजा, ३. प्रणिधान बलको पूजा, ४. अनुत्तर पूजा र ५. स्तुति-कीर्तन पूजा। पहिलोमा पनि तीन उपभेद; १. स्वामित्वमा रहेको पूजा, २. स्वामित्वमा नरहेको पूजा र ३. काय दान पूजा छन्।

पहिलो, स्वामित्वमा रहेको पूजा-

त्यो चित्तरत्नलाई ग्रहण गर्नको निम्ति,
तथागतहरू, विमल सद्धर्मरत्न,
र बुद्धपुत्र, गुण सागरहरूलाई
म उत्तम रूपले पूजा गर्दछु॥ १॥

पूजा गर्दा पनि सामान्यतया प्रत्यक्ष सम्पत्तिद्वारा पूजा र चित्तद्वारा निर्मित पूजा यी दुईलाई विशेष रूपले बताउनुभएको छ। पहिलो, प्रत्यक्ष सम्पत्तिद्वारा पूजा भन्नाले आफ्नो स्वामित्वमा रहेको वस्तुहरू जति सक्दो चढाउनुलाई बुझिन्छ। प्रत्यक्ष सम्पत्तिद्वारा कसलाई पूजा गर्नुपर्छ ? भने त्रिरत्न अर्थात् तथागतहरू, विमल सद्धर्मरत्न र जिनपुत्र आर्य सङ्घरत्नलाई पूजा गर्नुपर्छ।

ती तीन मध्ये पहिलो, बुद्धरत्न भन्नाले विशेष गरी हाम्रा शास्ता तथागत सम्यक् सम्बुद्ध शाक्यमुनि र भद्रकल्पका हजार बुद्धहरू आदि सामु पूजा गर्नुलाई बुझिन्छ।

दोस्रो, आगम र अधिगम समुच्चय सद्धर्मरत्न भन्नाले हामीले धर्मको अभ्यास गर्दा आफू पनि सांसारिक दुःखबाट मुक्त हुने र अरूलाई पनि सांसारिक दुःखबाट मुक्त पार्न सक्ने अर्थात् बुद्धपदमा पुऱ्याउन सक्ने विमल सद्धर्मरत्नलाई बुझिन्छ।

तेस्रो, सङ्घरत्न भन्नाले बुद्धको अनुसरण गरी ज्ञान प्राप्तिको अभ्यासमा रहेका बोधिसत्त्व तथा श्रावकलाई बुझिन्छ। यी त्रिरत्नलाई आफ्नो स्वामित्वमा रहेको धन सम्पत्ति अर्पण गर्नुलाई बुझिन्छ।

दोस्रो, स्वामित्वमा नरहेको पूजा-

फूल तथा फलहरू जति छन्,
विभिन्न औषधीहरू जति छन्,
लोकरत्न जति छन्,
मनोहर स्वच्छ जल जति छन्॥ २॥

रत्नवान् पर्वत र त्यसैगरी,
एकान्त शानदार रमणीय वनजङ्गल,
फूलहरूले सुशोभित र उत्तम फलहरू
लटरम्म फलेर हाँगा झुकेका वृक्षहरू र॥ ३॥

देवलोक आदिमा सुगन्ध,
धूप, कल्पवृक्ष, रत्नवृक्ष,
नजोतेरै फलेका अन्नबालीहरू र
अरू पनि पूजा योग्य भूषणहरू॥ ४॥

कमलको फूलले सुशोभित र हाँसको
सुमधुर आवाजले मनमोहक भएका तालहरू,
आकाशधातु सरि फैलिएका,
कसैको स्वामित्वमा नभएका ती सबै ॥ ५ ॥

चित्तले कल्पना गरी मुनिश्रेष्ठ,
पुत्रसहित सबैमा उत्तम तवरले अर्पण गर्दछु,
सद्गुणी महाकारुणिकहरूले,
मलाई कृपा गरी मेरा यी ग्रहण गर्नुहोस् ॥ ६ ॥

म पुण्यरहित महादरिद्र भएकोले,
मसँग पूजा गर्न अन्य धन छैन,
त्यसैले परहितको चित्तयुक्त नाथले, अर्पितलाई
मेरो निम्ति आफ्नो शक्तिद्वारा ग्रहण गर्नुहोस् ॥ ७ ॥

त्यसैगरी प्रत्यक्ष सम्पत्तिद्वारा पूजा गर्नेमा दोस्रो चाहिँ स्वामित्वमा नरहेको पूजा हो। आफ्नो स्वामित्वमा नरहेको वस्तुहरू अर्थात् संसारमा जे जति छन् सबै आफ्नो मनले कल्पना गरी चढाउनुलाई बुझिन्छ। यहाँ मूलमा पनि, *'फूल तथा फलहरू जति छन् ॥'* देखि *'अर्पितलाई मेरो निम्ति आफ्नो शक्तिद्वारा ग्रहण गर्नुहोस् ॥'* सम्म भन्नुभएको छ। वास्तवमा मूल शब्दहरू बुझ्न सजिलो छ। सजिलोलाई व्याख्या गरिरहँदा केही फाइदा हुँदैन।

तेस्रो, काय दान पूजा-

जिन र जिनपुत्रहरूप्रति मैले,

आफ्नो काय पूर्ण रूपमा अर्पण गर्दछु,
हे सर्वश्रेष्ठ बोधिसत्त्वहरू ! मलाई पूर्ण स्वीकार्नु होस्,
श्रद्घाभक्तिले हजुरको दास बन्दछु ॥ ८ ॥

मलाई हजुरले पूर्ण आश्रय दिनुभएकोले,
लोकमा निर्भय भई प्राणीलाई हित गर्छु,
पहिलेका पाप कर्म त्याग्दै, अरू पाप कर्म
अब फेरि दोहोऱ्याएर कहिल्यै गर्दिन ॥ ९ ॥

त्यसपछि आफ्नो काय चढाउने बारे बताइएको छ। सबै भन्दा अमूल्य हाम्रो शरीर भएकोले शरीरलाई अति महत्त्वपूर्ण मान्दछौँ। त्यसैले शरीरलाई दस दिशाका जिन तथा जिनपुत्र अर्थात् बुद्ध तथा बोधिसत्त्वहरूलाई अर्पण गर्नुपर्छ। किन भने मैले कुशल सद्धर्म, कुशल बोधिचित्त र कुशल पुण्य सम्भार सर्वसम्पन्न गर्नलाई समर्पण गर्छु भन्ने सोच हुनुपर्छ। वास्तवमा हाम्रो कायमा मूल्यवान् वस्तु केही पनि छैन। तर पनि यदि हाम्रो काय बुद्ध तथा बोधिसत्त्वहरूलाई दान गर्न सकेमा उत्तम हुन्छ। किनभने उहाँहरू भनेको प्राणीको हित मात्र चिताउने हुनाले हामीले पनि प्राणीलाई लाभ पुऱ्याउन सकिन्छ भन्ने चिन्तनका साथ अर्पण गरेको हो।

दोस्रो, चित्तले निर्मित पूजा-

स्नान गृह जुन अति नै सुगन्धित,
छर्लङ्ग चम्केका स्फटिक जडित भुइँ,
रत्नहरूको उज्याला मनोरम खम्बा,
मोतीको प्रकाशमय छत् भएको त्यसमा ॥ १० ॥

तथागत र पुत्रहरूलाई, अनेकौँ रत्नमय कलश
जुन मनमोहक सुगन्धित जलले,
भरिएका, गीत र अनेक बाजाहरू
सहित स्नान गराउँदछु ॥ ११ ॥

उहाँहरूका कायलाई सफा, सुगन्धित,
अतुलनीय वस्त्रले पुछिदिन्छु,
त्यसपछि त्यसमा उत्तम रङ्गको,
अति सुगन्धित वस्त्र अर्पण गर्दछु ॥ १२ ॥

कोमल र नरम खालको उत्तम वस्त्र,
सयौँ उत्कृष्ट गहनाहरूले,
आर्य समन्तभद्र, मञ्जुघोष,
लोकेश्वर आदिलाई पनि विभूषित गर्दछु ॥ १३ ॥

सम्पूर्ण त्री-साहस्रमा फैलिने सुगन्धित,
उत्तम सुगन्धहरूले सम्पूर्ण जिनहरूको काय,
सुनलाई राम्ररी गालेर माझे झैं,
प्रकाशमय उज्याला ती सबैमा लेपन गर्दछु ॥ १४ ॥

सर्वोत्तम पूजनीय मुनीन्द्रलाई,
मन्दारव, कमल, उत्पल आदि
सुगन्धित सबै, उनिएका मनमोहक
मालाहरूले पूजा गर्दछु ॥ १५ ॥

सुगन्ध फैलिएका मनमोहक उत्तम धूपका,
ती बादल पनि उहाँलाई अर्पण गर्दछु,
विभिन्न प्रकारका भोजन, खाना पिउने,
अनेक नैवेद्यहरू पनि उहाँलाई चढाउँछु ॥ १६ ॥

सुवर्ण कमल लहरै मिलाएका,
रत्नदीपहरू पनि अर्पण गर्दछु,
सुगन्धले लिप्त भुईँमा,
मनमोहक फूलका गुच्छाहरू छरिदिन्छु ॥ १७ ॥

त्यो विमान जुन मनमोहक स्तुति गीतहरू युक्त,
रत्न मोतीका हारहरूले सुशोभित,
अतुलनीय आकाशको विभूषणीयहरू पनि,
मैत्रीवान्लाई अर्पण गर्दछु ॥ १८ ॥

सुनको दण्डयुक्त, सुन्दर, सुशोभित
मनमोहक रूप, उत्कृष्ट आकारको,
अति सुन्दर रत्नछाता पनि,
सधैं मुनीन्द्रहरूलाई अर्पण गर्दछु ॥ १९ ॥

यहाँ चित्तले निर्मित अर्थात् आलम्बन गरिने पूजा दर्साएको छ। यो कसरी गर्नुपर्छ ? भने सर्वोत्कृष्ट तथा सुन्दर वस्तुहरूलाई मनले कल्पना गरी दश दिशाका जिन तथा जिनपूत्रहरू सामु चढाउनुलाई चित्तले निर्मित पूजा भनिन्छ।

चित्तले निर्मित पूजा, सारांशमा-

स्नान, पुछ्ने, वस्त्र, गहना,
सुगन्ध, फूल, धूप, नैवेद्य,
दीपक, भूमि, स्थान, छाता गरी
मनले निर्माण गरेको बाह्र पूजा हुन् ॥

भने झैँ स्नान अर्पण गर्ने, शरीर पुछ्ने, वस्त्र तथा गहना अर्पण गर्ने, सुगन्ध, फूल, धूप, नैवेद्य र रत्नदीप अर्पण गर्ने, भुईँमा सुगन्धित पानी छर्कने, दिव्य गृह अर्पण गर्ने, रत्नजडित् छाता अर्पण गरी जम्मा बाह्र प्रकारका छन् ।

ती मध्ये **पहिलो**, मूलमा *"स्नानगृह* भन्ने देखि *स्नान गराउँदछु ॥"* सम्मको दुई श्लोकले दर्साउँछ। **दोस्रो**, शरीर पुछ्नु भन्ने *"उहाँहरूका कायलाई* भन्ने देखि *पुछिदिन्छु ॥"* सम्मको आधा श्लोकले दर्साउँछ। **तेस्रो**, वस्त्र अर्पण *"त्यसपछि त्यसमा* भन्ने देखि *सुगन्धित वस्त्र अर्पण गर्दछु ॥"* सम्म आधा श्लोकले दर्साउँछ। **चौथो**, वस्त्र र गहना *"कोमल र नरम खालको उत्तम वस्त्र'* भन्ने देखि *विभूषित गर्दछु ॥"* सम्म एउटा श्लोकले दर्साउँछ। **पाँचौं**, उत्तम गन्ध *"सम्पूर्ण त्री-साहस्त्रमा* भन्ने देखि *लेपन गर्दछु ॥"* सम्म एउटा श्लोकले दर्साउँछ। **छैटौं**, फूलले पूजा *"सर्वोत्तम पूजनीय मुनीन्द्रलाई* भन्ने देखि *मालाहरूले पूजा गर्दछु ॥"* सम्म एउटा श्लोकले दर्साउँछ। **सातौं**, धूपले पूजा *"सुगन्ध फैलिएका मनमोहक उत्तम धूपका* भन्ने देखि *अर्पण गर्दछु ॥"* सम्मको आधा श्लोकले दर्साउँछ। **आठौं**, नैवेद्य *"विभिन्न प्रकारका भोजन* भन्ने देखि *चढाउँछु ॥'* सम्मको आधा श्लोकले दर्साउँछ। **नवौं**, दियोले पूजा *"सुवर्ण कमल* भन्ने देखि *अर्पण गर्दछु ॥"* सम्मको आधा श्लोकले दर्साउँछ। **दसौं**, भूमिले पूजा *"सुगन्धले लिप्त भुईँमा* भन्ने देखि *छरिदिन्छु ॥"* सम्मको आधा श्लोकले दर्साउँछ। **एघारौं**, उत्तम विमान (दिव्य गृह) *"त्यो विमान*

भन्ने देखि *अर्पण गर्नेछु॥"* सम्मको एउटा श्लोकले दर्साउँछ। **बाह्रौं,** रत्न छाताले पूजा *"सुनको दण्डयुक्त* भन्ने देखि *अर्पण गर्नेछु॥"* सम्मको एउटा श्लोकले दर्साउँछ। यी मूल श्लोकहरू सरल र बुझ्न सजिलो भएकाले अहिले यहाँ व्याख्या गर्दिन।

तेस्रो, प्रणिधान बलको पूजा-

त्यसभन्दा पनि अरू पूजाको सङ्ग्रह,
कर्णप्रिय सुमधुर बाजाहरू,
प्राणीको दुःखलाई शीतल पार्ने,
बादलहरू निरन्तर रहिरहोस्॥ २० ॥

सम्पूर्ण सद्धर्मरत्नहरू,
स्तूपहरू र प्रतिमाहरूमा,
पुष्परत्न आदिको वर्षा,
निरन्तर भइरहोस्॥ २१ ॥

यहाँ पहिलो श्लोकले माथि भनेका भन्दा अन्य अष्टाङ्गयुक्त वाद्य (झ्याम्टा) आदि बझाउने र फुक्ने बाझाहरू, त्यसैगरी मनमोहक तथा कर्णप्रिय लयका स्तुति गीत जुन प्राणीको दुःखलाई शीतल परि खुसी पार्न सक्षम छन्, ती अतुलनीयहरू दश दिशाका सम्पूर्ण जिन तथा जिनपुत्रहरूको कर्णसामु हरपल अटुट रूपले गुन्जिरहोस् भनी प्रणिधान गर्नु हो।

त्यसपछि दोस्रो श्लोकले पूजा गर्ने अति विशेष स्थान अर्थात् वचनको आश्रय सद्धर्म रत्नहरू, चित्तको आश्रय तथागतको आठ चैत्यहरू जस्ता, कायको आश्रय अर्थात् चित्रमा उतारेका र आकार ढालेका मूर्तिहरू आदि

बुद्ध र बोधिसत्त्वहरूको काय, वाक् र चित्तको आश्रयहरूमा अमूल्य रत्न तथा फूल आदिको वर्षा निरन्तर भइरहोस् भनी प्रणिधान गर्नुलाई प्रणिधान बलको पूजा भनिन्छ।

यो पूजा प्रत्यक्ष वा चित्तले कल्पित नभई 'त्यस्तो होस्' भनी प्रणिधान तथा प्रार्थना गर्नु हो। पूजाका ती प्रकारहरू बताउँदा अति बुझ्न सजिलो छ। तर पनि मुखले भन्ने मात्र नभई मुख्यताय राम्ररी अभ्यास गर्नु चाहिँ अति महत्त्वपूर्ण हुन्छ।

चौथो, अनुत्तर पूजा-

जसरी मञ्जुघोष आदिले,
जिनहरूलाई पूजा गर्नु भयो,
त्यसरी मैले पनि तथागत,
नाथ तथा पुत्रहरूलाई पूजा गर्दछु॥ २२॥

यहाँ अनुत्तर पूजा भन्नाले हामीले त्यस्तो वृहत् प्रणिधान गर्न त सक्दैनौँ तर पनि मञ्जुश्री, अवलोकितेश्वर, वज्रपाणि आदि महाबोधिसत्त्वहरूले पहिले जसरी पूजा गर्नुभएको थियो मैले पनि त्यसरी नै पूजा गर्छु भन्ने सोच सहित वृहत् रूपले मनोबल उत्पन्न गरी पूजा गर्नुलाई अनुत्तर पूजा भनिन्छ।

पाँचौं, स्तुति-कीर्तन पूजा-

गुण सागरहरूलाई,
स्वरका अङ्गहरूको सागर समान म स्तुति गर्दछु,

तिनीहरूमा स्तुति सङ्गीति मेघहरू,
निश्चित रूपमा सधैं भइरहोस् ॥ २३ ॥

स्तुति-कीर्तन पूजा भन्नाले मूलतः शब्दद्वारा गरिने पूजालाई बुझिन्छ। कसरी भने, उहाँहरू सर्वगुण तथा विशेष गुणयुक्त हुनुभएकोमा हामीले कर्णप्रिय तथा सुमधुर स्तुतिद्वारा पूजा गर्नु हो। त्यसले पुण्य सम्भारका आठ अङ्गहरू मध्ये पहिलो अर्थात् पूजाबारे बताएको हो। यसरी आफ्नो धन सम्पत्तिद्वारा पुण्य सञ्चय गर्न र आफ्नो धन सम्पत्तिप्रतिको राग तथा आसक्ति त्याग्नको निम्ति पूजा गर्ने (चढाउने) गरिन्छ।

दोस्रो, वन्दना-

त्रिकालका सम्पूर्ण बुद्धहरू,
धर्म र उत्तम सङ्घ सहितलाई,
समस्त क्षेत्रहरूका अणुकै सङ्ख्या सरि,
निहुरेर म वन्दना गर्दछु ॥ २४ ॥

बोधिसत्त्वका आश्रयहरू र
चैत्यहरूलाई म वन्दना गर्दछु,
उपाध्याय, त्यसैगरी आचार्य र
व्रतोत्तमलाई वन्दना गर्दछु ॥ २५ ॥

वन्दना दर्साउनुको कारण के हो भने यदि आफ्नो शरीरप्रतिको आसक्ति (लगाव) त्याग्न नसक्ने, शारीरिक रूपले सद्धर्म र बोधिचित्तको लागि सङ्घर्ष गर्न नसकेमा शरीरलाई महत्त्व दिने र धर्म तथा बोधिचित्तलाई

महत्त्वहीन मान्ने भएर जान्छ। त्यस्तो नहुनको लागि हामीले शरीरको महत्त्व कम मानेर शारीरिक रूपमा खटी सद्धर्मप्रति ठुलो श्रद्धा राख्ने र ठुलो महत्त्व दिने गर्नुपर्दछ। संसारमा सर्वोत्तम बोधिचित्त भएको र त्यो भन्दा पनि विशेष तथा उत्तम अरू कुनै धर्म नभएको बुझ्नलाई र शारीरिक तपस्या त्यति गाह्रो नभएको देखाउनलाई वन्दना (वन्दनाङ्ग) दर्साउनुभएको हो।

वास्तवमा त्रिरत्न नै वन्दना स्थल हो। ती रत्नहरूलाई हामीहरूले श्रद्धा र आदरका साथ वन्दना गर्नुपर्छ। त्यो भन्दा पनि विशेष अहिले यहाँ उल्लिखित चाहिँ बोधिसत्त्वका आश्रयस्थल अर्थात् बौद्ध परम्परा अनुसार तीर्थयात्रा गरिने ती तीर्थस्थलहरू हुन्। ती तीर्थस्थलहरू महत्त्वपूर्ण छन् भनी दर्शाउनको लागि यहाँ मूल श्लोकमा *‘बोधिसत्त्वको आश्रयहरू’* भनी उल्लेख गरिएको हो।

त्यसैगरी तथागत बुद्ध जन्मनु भएको स्थान लुम्बिनी, बुद्धत्व प्राप्त गर्नुभएको स्थान बोधगया, प्रथम धर्मचक्र प्रवर्तन गर्नुभएको स्थान वाराणसी (सारनाथ), महापरिनिर्वाण प्राप्त गर्नुभएको स्थान कुशीनगर आदि सबैलाई वन्दना गरेमा बुद्धको गुणहरूको अनुस्मृति र सद्धर्म गुणको अनुस्मृति गर्न सकिने हुन्छ। त्यसैले बोधिसत्त्वका आश्रय तीर्थस्थलहरूलाई वन्दना गर्नुपर्छ भन्नुभएको हो।

त्यसैगरी आफूले पनि बुद्धको चित्तको प्रतीक अस्तुधातु युक्त चैत्य आदि सामु वन्दना गर्नुपर्छ। त्यसैगरी आफूलाई सद्धर्म देशना गर्नुहुने उपाध्याय (खेन्पो), आचार्य (लोपोन), आफूलाई प्रत्यक्ष धर्मदेशना नगरे तापनि धर्मको कुशल अभ्यास गर्नुहुने समग्र शीलवान् व्यक्तिहरू, र विशेष गरी बोधिचित्त तथा बोधिचर्याको अभ्यास गर्नुहुने महान् व्याक्तित्त्वहरूलाई पनि म वन्दना गर्दछु, भनी वन्दना बारे दर्साउनुभएको हो।

तेस्रो, शरण गमन-

बोधिमण्ड प्राप्त नहुन्जेलसम्म,
बुद्धहरूको शरणमा जान्छु,
धर्म र बोधिसत्त्व सङ्घको पनि
त्यसरी नै शरणमा जान्छु ॥ २६ ॥

यहाँ शरण गमनको बारे बताउनुभएको छ। बुद्धत्व प्राप्त नगरुन्जेल सम्म त्रिरत्नको शरण गमन गरेको हुन्छ। त्यसैले यहाँ शरण गमन बारे बताउनुभएको हो।

चौथो, पापदेशनामा दुई; १. देशना स्थल सामु गर्ने र २. वास्तविक पापदेशना।

पहिलो, देशना स्थल सामु गर्ने-

सबै दिशामा विराजमान हुनुभएका,
बुद्ध, बोधिसत्त्व,
महाकरुणामयहरूलाई,
दुई हात जोडी निवेदन गर्छु कि ॥ २७ ॥

त्यसपछि पापदेशना बारे बताउनुभएको छ। पापदेशनामा पनि चार उपभेदहरू छन् अर्थात् देशना गर्ने चार विधिहरू बताउनुभएको छ जुन चार प्रतिपक्षबलद्वारा देशना गरिने विधि हुन्। पापदेशना गर्ने स्थल यानि दश दिशामा विराजमान हुनुभएका बुद्ध तथा महाकारूणिक बोधिसत्त्वहरूलाई

कायद्वारा दुई हात जोडी वन्दना, वाक्द्वारा निवेदन गरी चार प्रतिपक्षबलद्वारा पाप कर्महरूको प्रतिदेशना गर्नुपर्छ।

यदि कायको अकुशल कार्य तथा चर्याहरू अर्थात् आफ्ना ती नराम्रा व्यवहारहरू राम्रा हुन् भन्ने सोच उत्पन्न भयो भने त्यसप्रति खुसी (मुदिता) र अभिरुचि जाग्छ। त्यसपछि ती अकुशल कर्महरू त्याग्न नसक्ने मात्र होइन कि फेरि पनि त्यस्तो कार्य गर्न पुगिन्छ। त्यसैले गर्दा क्रमशः अकुशल कर्म अभिवृद्धि हुँदै जान्छ। त्यसैले पापदेशना गर्ने बेलामा ती अकुशल कार्य तथा चर्याहरू नराम्रा हुन् भन्ने सोच्नुका साथै आफ्नो खराब बानी व्यवहारहरू "खराब हुन्" भन्ने बुझेर मन भित्रदेखि नै पश्चात्ताप गरी "त्यो राम्रो होइन" भन्ने कुराको चिन्तन गर्न सकेमा त्यसले गर्दा काय, वाक् र चित्तको खराब आचरणहरू बिस्तारै कम गर्दै लान सकिन्छ। त्यसैले पापदेशना गर्नु अति महत्त्वपूर्ण छ भन्नुभएको हो।

दोस्रो, वास्तविक पापदेशनामा चार; १. पश्चात्ताप बल, २. आश्रयबल ३. प्रतिपक्ष सदाचार बल ४. पुनर्स्थापना बल।

पहिलो, पश्चात्ताप बल-

चार प्रतिपक्षबलहरू मध्ये पहिलो पश्चात्ताप बल भन्नाले आफूले गरेका पाप कर्म तथा खराबचर्याहरू भविष्यमा पुनः नगर्नको लागि आफ्ना ती खराब चर्याहरूप्रति आत्मग्लानिका साथ 'मैले राम्रो गरिन, त्यो राम्रो होइन' भन्ने सोचेर मन भित्रदेखि नै पछुतो लागेमा त्यसलाई पश्चात्ताप बल भनिन्छ। चित्त क्लेशको वशमा हुँदा अकुशल कर्मलाई महत्त्वपूर्ण मान्न पुग्छ र ती पाप कर्म नगरी नहुने जस्तो देखिन्छ। तर वास्तवमा राम्ररी

चिन्तन (परीक्षण) गर्दा ती अकुशल कर्महरूमा दोषयुक्त बाहेक अरू गुण या लाभ केही हुँदैनन्। लाभ हुने त परै जाओस् बरु ठुलो हानि हुन्छ। त्यसैले पनि शास्त्रमा पापको लाभ र महत्त्व केही हुँदैन भन्नुभएको हो। शास्त्रको मूलमा, भित्री मनदेखि नै पछुतो लागेर पश्चात्तापको बलद्वारा पाप शुद्ध पार्ने विधि यसरी बताइएको छ-

अनादि कालदेखि संसारमै,
यो जन्ममा वा अरू जन्महरूमा,
मैले नजानेर पापकर्म गरेका वा
गर्न लगाएका॥ २८॥

अज्ञानताको वशले गर्दा भ्रममा परी,
अनुमोदन गरेका,
ती गल्तीहरू देखेर पश्चत्ताप गर्दै,
मनैदेखि नाथ सामु देशना गर्छु॥ २९॥

मैले त्रिरत्न, आमा बुबा,
अरू गुरुजनहरूलाई,
क्लेशको कारण काय, वाक् र
चित्तद्वारा जे हानि पुऱ्याएको छु॥ ३०॥

अनगिन्ती दोषहरूले दूषित भएका,
म पापीले गरेका,
ती भयङ्कर पापहरू सबै,
विनायकहरू सामु देशना गर्दछु॥ ३१॥

मेरो पाप शोधन नहुनु अघि,
मेरो मृत्यु भएर जाला,
कसरी यसबाट मुक्त हुन्छ,
छिटो मेरो रक्षा गर्नुहोस्॥ ३२॥

अविश्वसनीय यो मृत्युले, के गऱ्यो,
के गरेन भन्ने जाँच गर्दैन,
स्वस्थ वा अस्वस्थ कसैले पनि,
क्षणिक जीवनको विश्वास नगर॥ ३३॥

सबै छाडेर जानुपर्ने,
मैले त्यस्तो नजानेर,
प्रिय र अप्रियको निमित्त,
अनेक पाप कर्महरू गरेँ॥ ३४॥

अप्रियहरू पनि नरही,
प्रियजनहरू पनि रहने छैनन्,
म पनि रहने छैन,
त्यसैगरी सबैजना रहने छैनन्॥ ३५॥

सपनाको अनुभव झैं,
जे जस्तो कुराको अनुभूति गरियो,
ती केवल सम्झना भएर जान्छ,
अतीतका सबै देख्न सकिँदैन॥ ३६॥

जिउँदै हुँदा पनि,
प्रिय र अप्रियजनहरू धेरै बितेर गए,
तिनीहरूका निमित्त गरेका पाप,
नष्ट नभई आफ्नो अगाडि रहिरहन्छ ॥ ३७ ॥

त्यसै गरी म क्षणिक हुँ भन्ने,
मैले बुझ्न नसकी,
मोह, राग र द्वेषले गर्दा,
अनेक थरीका पाप गरेँ ॥ ३८ ॥

चाहेर वा नचाहेर दिन रात,
यो आयु निरन्तर घट्दै गई,
बढ्ने सम्भावना कतै छैन भने,
म जस्तो त किन नमर्नु ॥ ३९ ॥

आफू थला परी ओछ्यानमा पल्टिरहँदा,
वरिपरि आफन्त बन्धुहरूले घेरे तापनि,
सास रोकिँदाको वेदना,
म आफैँ मात्रले अनुभूति गर्नुपर्ने हुन्छ ॥ ४० ॥

जब यमराजले समातिँदा,
आफन्तको के फाइदा, मित्रको के फाइदा,
त्यस बेला रक्षा गर्ने पुण्य कर्म मात्र हो,
त्यो पनि मैले गरिन ॥ ४१ ॥

हे नाथ ! म प्रमादीले,
यस्ता भयहरू नजानेर,
अनित्य यो जीवनको लागि,
धेरै पाप कर्महरू सञ्चय गरें॥ ४२ ॥

व्यक्तिको अङ्ग काट्ने स्थानमा,
आज डोऱ्याएर लग्दा भयभीत भई,
मुख सुक्ने, आँखा धमिलिने आदि भई,
पहिले भन्दा अर्कै भएको देखिन्छ भने॥ ४३ ॥

भयङ्कर आकृतिको यमदूतले,
डरलाग्दो किसिमले यातनापूर्वक समातिँदा,
महाभय रोगले ग्रस्त भई,
अति नाजुक अवस्था हुँदा त भन्नै पर्दैन॥ ४४॥

यस महाभयबाट कसले मलाई,
साँच्चै रक्षा गर्न सक्छ भनी,
भयभित भई आँखा ठुलो खोलेर,
चारै दिशामा शरण खोज्दछन्॥ ४५ ॥

चारै दिशामा कतै पनि रक्षक नदेखेपछि,
अत्यन्तै निराश भइन्छ,
त्यस अवस्थामा रक्षक छैन भने,
त्यो बेला मैले के गर्नु॥ ४६ ॥

शास्त्रका ती शब्दहरू बुझ्न केही गाह्रो छैन। तर पनि हामीहरू अनादि कालदेखि क्लेशले लिप्त भएका हुनाले ती शब्दहरूको अर्थ जे हो त्यो दुरुस्तै बुझ्न सक्दैनौँ। त्यसैले शास्त्रको अर्थ राम्ररी परिचित गराई त्यसको अर्थबोध हुने गर्नुपर्छ। त्यसैगरी पाप तथा क्लेशमा आसक्त हुनुहुन्न। त्यसको कुनै लाभ र महत्त्व नभएकोले भविष्यमा अकुशल कर्म तथा क्लेशलाई कम गरेर निर्मूल पार्नु अति महत्त्वपूर्ण रहेको छ। त्यस्तो हो भन्ने बोध गर्नलाई यी वचनहरू बताउनुभएको हो।

दोस्रो, आश्रय बल-

त्यसैले जिन लोकनाथ,
सत्त्व रक्षाको निम्ति खटिरहने,
सम्पूर्ण भय नष्ट पार्ने महाबली [बुद्ध],
आजैदेखि उहाँको शरणमा जान्छु॥ ४७॥

उहाँले साक्षात्कार गर्नुभएको धर्म,
जसले संसारको भयलाई नष्ट गर्छ,
त्यो र बोधिसत्त्व सङ्घमा पनि,
त्यस्तै गरी श्रद्धाभावसहित शरणमा जान्छु॥ ४८॥

म आफू भयभीत भएकोले,
समन्तभद्रलाई आत्मदान गर्दछु,
मञ्जुघोषलाई पनि म स्वयम्ले,
आफ्नो काय समर्पण गर्दछु॥ ४९॥

करुणाले अभ्रमित चर्यावान्,
अवलोकितेश्वर नाथलाई पनि,
काँतर स्वरले पुकार्छु कि,
म पापीको रक्षा गर्नुहोस् ॥ ५० ॥

आर्य आकाशगर्भ,
क्षितिगर्भका साथै,
महाकारुणिक नाथहरू सबैमा,
शरण खोज्दै हृदयदेखि पुकार्छु ॥ ५१ ॥

जसलाई देखेर दुष्ट यमदूतहरू आदि,
अति भयभीत भएर,
चारै दिशामा भाग्छन्,
त्यो वज्रपाणिलाई प्रणाम गर्दछु ॥ ५२ ॥

पहिले तपाईंको वचनलाई उल्लङ्घन गरें,
अहिले महाभय देखेर,
तपाईंको शरणमा आएको छु,
शीघ्र भय मुक्त गर्नुहोस् ॥ ५३ ॥

आश्रय बल भन्नाले बुद्ध र बोधिसत्त्वहरूको शरणमा गएर पापदेशना (प्रायश्चित्त) गर्नेलाई आश्रय बल भनिन्छ। माथि उल्लिखित त्यो (पश्चात्ताप बल), पापको दोष जानेर प्रायश्चित्त गर्ने एउटा उपाय हो। अहिले भने साक्षी सामु देशना गर्नु हो अर्थात् "मैले गरेका पाप कर्महरू बुद्ध तथा महाबोधिसत्त्वहरूलाई प्रत्यक्ष ज्ञात हुन्छ, मैले पाप कर्मलाई

पाप हो भन्ने बुझेँ, दोषलाई दोष हो भन्ने बुझेँ, त्यसैले उहाँहरू सामु म प्रायश्चित्त गर्छु, अबदेखि त्यस्ता पाप तथा अकुशल कर्महरू दोषयुक्त देख्न सकी ती कर्महरू शुद्ध पार्छु" भन्ने सोच सहित आफ्नो पापदेशना गर्ने स्थल यानि आश्रयलाई साक्षी मान्नुलाई आश्रयको बल भनिन्छ।

तेस्रो, प्रतिपक्ष सदाचार बल-

सामान्य रोगले भयभीत हुँदा पनि,
वैद्यको सल्लाहअनुसार गर्नुपर्छ भने,
राग आदि सयौँ दोषहरूको,
रोगले ग्रसित हुँदा त के भन्नु ?॥ ५४॥

ती [रोग] एउटैले पनि जम्बुद्वीपमा अवस्थित,
सम्पूर्ण मानिस विनाश पार्छ,
तिनीहरू बचाउने अरू औषधी,
कुनै दिशामा पनि पाइँदैन भने॥ ५५॥

त्यस बेला सर्वज्ञ वैद्य,
सम्पूर्ण पीडाबाट मुक्त गर्ने वालाको,
वचन उलङ्घन गर्ने सोच्नु त,
अति अज्ञानी धिक्कार योग्य छ॥ ५६॥

सामान्य सानो भिरमा पनि,
सावधानी अपनाउनुपर्छ भने,

हजारौँ योजन[1] मुनि,
दीर्घकालसम्म फस्ने भिर (नरक)को के कुरा ? ॥ ५७ ॥

आजै त मर्दिन भनी,
सुखपूर्वक बस्नु ठिक छैन,
आफू नरहने समय,
यो निःसन्देह अवश्य आउँछ ॥ ५८ ॥

कसले गर्ला मलाई अभय दान ?
कसरी हुन्छ यसबाट पार ?
निसन्देह रूपमा नाश हुने हुँदा,
कसरी मेरो चित्त सुखमा स्थित छ ? ॥ ५९ ॥

पहिले अनुभव गरेका नाश भइसके,
मसँग बाँकी के नै छ र,
म त्यसैमा आसक्त भई,
गुरुको वचनलाई उल्लङ्घन गरेँ ॥ ६० ॥

जिउँदो यो जीवन र
त्यसैगरी आफन्त तथा मित्र त्यागेर,
एक्लै जानुपर्छ भने,
प्रिय र अप्रियजन के नै हुन्छ ? ॥ ६१ ॥

अकुशल कर्मद्वारा दुःख उत्पन्न हुन्छ,

1. वैदिक कालको लम्बाई मापन गर्ने एकाई। १ योजन बराबर करिब ८ किलोमिटर।

त्यसबाट कसरी मुक्त हुने भनी,
दिन रात सधैं मैले,
यही मात्र चिन्तन गर्नु उचित छ॥ ६२॥

मैले नबुझी अज्ञानताले गर्दा,
प्रकृतिसावद्य[2] वा,
प्राज्ञाप्तिसावद्य[3],
कर्महरू जे-जस्तो गरेँ॥ ६३॥

नाथको सामु प्रत्यक्ष,
दुई हात जोडी दुःखद्वारा भयभीत मनले,
फेरि फेरि प्रणाम गर्दै,
ती पापहरू सबै देशना गर्दछु॥ ६४॥

विनायक तपाईंहरूले मेरो पाप,
गल्तीकै रूपमा लिनुहोस्,

यहाँ प्रतिपक्ष सदाचार बल बताउनुभएको छ। राग, द्वेष, मोह (अज्ञानता) जस्ता क्लेशद्वारा उत्प्रेरित भई सञ्चय गरेका पाप या अकुशल कर्महरूको प्रतिपक्ष श्वेत पुण्य अर्थात् कुशल कर्म, सद्धर्मको अभ्यास गर्नुलाई प्रतिपक्ष सदाचार बल भनिन्छ। यसको महत्त्व ठुलो हुनुको कारण के हो ? भने हामीले पाप शोधन गर्दा त्यसको प्रतिपक्ष अर्थात् पुण्य कर्म अति शक्तिशाली सञ्चय गर्न सकेमा त्यसले गर्दा स्वतः पुण्य पक्ष अभिवृद्धि हुँदै जान्छ र पाप

2. हिंसा, चोरी, ठगी आदि स्वाभाविक अकुशल कर्महरू।

3. प्रतिज्ञा गरेर तोड्ने, जस्तैः शीलभङ्ग गर्ने आदि।

पक्ष घट्दै जान्छ। त्यसैले आफ्नो काय, वाक् र चित्त कुशल कर्ममा संलग्न गराई प्रतिपक्ष सदाचार बल अभ्यास गर्नुपर्छ भन्नुभएको हो।

चौथो, पुनर्स्थापना बल-

यो भद्र नहुने भएकोले,
अब फेरि म कहिल्यै गर्दिन॥ ६६ ॥

पुनर्स्थापना बल बारे अन्तिम दुई पङ्क्ति मात्र रहेको छ। यो भने चार बलहरू मध्ये सबै भन्दा महत्त्वपूर्ण रहेको छ। आफ्नो मनमा, “मैले पहिले अकुशल कर्महरू गरेको थिएँ, अहिले देशना गरी ती पापहरू शोधन गर्छु, तर भविष्यमा उक्त पाप कर्म नगरी नहुने भएकोले गर्नै पर्छ” भन्ने जस्ता सोच छ भने आफूले गरेको पापदेशनाकको त्यति महत्त्व र लाभ हुँदैन। त्यसैले आफूले गरेको पापदेशना र शोधनलाई अर्थपूर्ण र लाभदायी कसरी बनाउनुपर्छ भने गल्तीलाई ‘गल्ती हो’ भनेर बुझ्ने र दोषलाई ‘दोष हो’ भनेर बुझेर अबदेखि आफ्नो प्राण गए पनि पाप कर्म कहिल्यै गर्दिन भन्ने दिगो प्रतिज्ञा भावका साथ पापदेशना गर्नुपर्छ। यसरी पुनर्स्थापना बलद्वारा पाप शुद्ध हुने विधि दर्साउनुभएको हो।

बोधिचित्तपरिग्रह

तेस्रो, बोधिचित्तपरिग्रह परिच्छेदमा तीन भेदहरू छन्। १. प्रयोग पूर्वाभ्यास धर्म, २. मूल (मौल) प्रतिज्ञा र ३. अन्त (पृष्ठ)स्व-पर मुदिता भावना। पहिलोमा पनि दुई उपभेद; १. पुण्य सम्भार र २. मति शोधन। पहिलोमा पनि तीन; १. सम्बन्ध-प्रयोग (संयोजन), २. वास्तविक पुण्य सम्भार र ३. सङ्क्षिप्तार्थ।

पहिलो, संयोजन-

तेस्रो अध्यायमा अति महत्त्वपूर्ण बोधिचित्त परिग्रह गर्ने विधि अर्थात् आफूमा बोधिचित्त उत्पाद गरेर अभ्यास गर्ने विधि दर्साएको छ। बोधिचित्त उत्पन्न हुनु पूर्व नै प्रयोग [पूर्व अभ्यास] यानि पुण्य सम्भार गर्नुपर्ने हुन्छ। पुण्य सम्भार सप्ताङ्गहरू छन् भने त्यसमा शरण गमनलाई समेट्दा अष्टाङ्ग रहेका छन्। त्यसमध्ये पूजा, वन्दना, शरण गमन र पापदेशना गरी चार अङ्गहरू माथि दोस्रो अध्यायमा दर्शाइसकेको छ। सोही विषयको निरन्तरता अनुरूप अनुमोदन आदि चार अङ्गहरूको अभ्यास गर्ने विधि यस अध्यायमा दर्साएको छ।

दोस्रो, वास्तविक पुण्य सम्भारमा चार; १. अनुमोदन, २. धर्मचक्र प्रवर्तनको अनुरोध, ३. परिनिर्वाण नहुन प्रार्थना र ४. पुण्यको मूल परोपकारको लागि परिणामना।

पहिलो, अनुमोदन-

सम्पूर्ण प्राणीहरू दुर्गतिको,
दुःखबाट विश्राम दिलाउने पुण्य र,
दुखीहरूले सुख प्राप्त गरेकोमा,
प्रशन्नता पूर्वक अनुमोदन गर्दछु ॥ १ ॥

बोधिको हेतु बन्ने पुण्य सम्भार गरेकोमा,
त्यसप्रति पनि अनुमोदन गर्दछु,
शरीरधारीहरू सांसारिक दुःखबाट,
मुक्ति भएकोमा अनुमोदन गर्दछु,
रक्षकहरूको बोधि र,
जिनपुत्रभूमि प्रति पनि अनुमोदन गर्दछु ॥ २ ॥

सम्पूर्ण प्राणीहरूलाई सुख प्रदान गर्ने,
पुण्यरूपी चित्तोत्पादसागर तथा,
प्राणी हित गर्नेमा,
प्रशन्नतापूर्वक अनुमोदन गर्दछु ॥ ३ ॥

यहाँ अनुमोदन दर्साउनुभएको छ जुन अष्टाङ्ग मध्ये पाँचौं हो। वास्तवमा बोधिचित्तोत्पाद, मैत्री र करुणा उत्पन्न हुन ईष्याले ठुलो बाधा गर्छ। आफूमा सुखको कमी र अरूमा धेरै भएको सोच्ने, आफूसँग धन सम्पत्ति प्रशस्त नभएको र अरू मान्छे सर्वसम्पन्न भएको देख्दा मन नपर्ने वा ईर्ष्या उत्पन्न भएर आउँछ। उक्त ईर्ष्याले आफूलाई सुख र खुसी नपार्ने मात्र नभई अनावश्यक दुःख र मनमा अशान्ति उत्पन्न गराउँछ। त्यसैगरी जसलाई ईर्ष्या गरेको हो उसलाई पनि आफ्नो ईर्ष्याले गर्दा असहज तुल्याउँछ।

त्यसैले बोधिचित्त उत्पाद गर्दा र चित्तमा मैत्री तथा करुणा जगाई अभ्यास गर्दा ईर्ष्या त्याग्नु अत्यन्तै जरुरी हुन्छ। त्यसैले ईर्ष्याको प्रतिपक्ष अनुमोदनको अभ्यास गर्नुपर्छ। शास्त्रमा क्रमशः पहिले, पृथग्जनको सुखलाई अनुमोदन गर्ने। त्यसपछि श्रावक र प्रत्येक बुद्धहरू आ-आफ्नो फल प्राप्त गरेर सांसारिक दुःखबाट मुक्त भएकोमा अनुमोदन गर्ने। त्यसपछि बोधिसत्त्वहरूले फल प्राप्त गरेकोमा अनुमोदन गर्ने। त्यसैगरी बुद्धत्व तथा उहाँको लीला प्रति अनुमोदन गर्ने आदि क्रमशः दर्साउनुभएको छ।

दोस्रो, धर्मचक्र प्रवर्तनको अनुरोध-

सबै दिशाका बुद्धहरूप्रति,
दुई हात जोडी प्रार्थना गर्दछु कि,
दुःखको अन्धकारमा अलमलिएका प्राणीहरूमा,
धर्मको दियो बाल्नुहोस्॥ ४॥

त्यसपछि अज्ञानता (मोह)को प्रतिपक्ष स्वरूप धर्मचक्र प्रवर्तनको अनुरोध बारे दर्साउनुभएको छ। माथि भने झैँ सबै प्राणीहरूमा सुख प्राप्ति र दुःख त्याग्ने मनसाय हुन्छ। तर त्यसै अनुरूप अभ्यास भने गर्न सक्दैनन्। किनभने तिनीहरू अविद्या अर्थात् अज्ञानताको ठुलो अन्धकारमा अलमलिइरहेका हुन्छन्। यस्तो अज्ञानताको अन्धकार हटाउन के उपाय अपनाउनुपर्छ ? त्यो के हो भने तथागत बुद्धहरूले सद्धर्म चक्र प्रवर्तन गर्नुभएको छ जसले गर्दा मोहमय अज्ञानताको अन्धकारमा भौँतारिनेबाट क्रमशः मुक्त भइन्छ। त्यसैले बुद्ध र बोधिसत्त्वहरूलाई 'सद्धर्मचक्र प्रवर्तन गर्नुहोस्' भनी प्रार्थना गरेको हो। यसरी अष्टाङ्ग पुण्यसम्भार मध्ये प्रार्थना दर्साउनुभएको हो।

तेस्रो, परिनिर्वाण नहुन प्रार्थना-

निर्वाणमा जान चाहने जिनप्रति,
दुई हात जोडी प्रार्थना गर्दछु कि,
यो जगत् अन्धकारमय नहुन,
असङ्ख्य कल्पसम्म रहिरहनुहोस् ॥ ५ ॥

अष्टाङ्ग मध्ये सातौँ नित्यत्वग्राह (नित्यभाव) हटाउनको लागि बताउनुभएको हो। हामीमा स्वतः यो जीवनप्रति ठुलो नित्यभाव रहेको हुन्छ। नित्यभावले गर्दा नै सद्धर्मको अभ्यास गर्न नसकिएको हो। त्यसैले अनुयायीहरूबाट नित्यत्वग्राह हटाउनको लागि सम्पूर्ण बुद्ध तथा बोधिसत्त्वहरूले निर्वाणको लीला देखाउनुभएको हो।

त्यसैले जिनहरूलाई निर्वाण नहुन प्रार्थना गरिन्छ। कसरी गरिन्छ भने अहिले जीवित रहनुभएका बुद्ध तथा बोधिसत्त्वहरूले यदि निर्वाण प्राप्त गर्नुभयो भने प्राणीहरू (सत्त्व) अन्धो सरह भएर जान्छन्। त्यसैले प्राणीहरूलाई अन्धो रहिरहन नदिई कल्पौँकल्प सम्म सद्धर्म चक्र प्रवर्तन गर्नुभई विराजमान हुनुहोस् भनी प्रार्थना गरिएको हो।

चौथो, पुण्यको मूल परोपकारको लागि परिणामना गर्ने-

त्यसरी यी सबै गरी,
मैले जति पुण्य सम्भार गरेँ,
त्यसले सम्पूर्ण प्राणीका,
सबै दुःखहरू निर्मूल होस् ॥ ६ ॥

जबसम्म रोगी सत्त्वहरूको,
रोग निर्मूल हुँदैन,
तब सम्म औषधी,
वैद्य र त्यसको सेवक बनूँ॥ ७॥

खानपिनको वर्षाले,
भोक प्यासको पीडा शान्त होस्,
अनिकालको अन्तर कल्पमा,
म स्वयम् भोजन र पानी बनूँ॥ ८॥

दरिद्र प्राणीहरूका निम्ति,
म कहिल्यै नसकिने खजाना बनूँ,
विभिन्न आवश्यक वस्तुहरूको रूपमा,
उनीहरू अगाडि उपस्थित हुन सकूँ॥ ९॥

त्यसपछि यहाँ रागको प्रतिपक्ष अष्टाङ्ग मध्ये आँठौं अर्थात् परिणामनाबारे बताउनुभएको छ। साधरणतया हामीमा बाहिरी वस्तुप्रति ठुलो राग र आसक्तता छ। उक्त आसक्ति त्याग्नको निम्ति उपभोग्य धन सम्पत्ति आदि प्राणीहरूको लागि प्रयोग गर्नुपर्छ अर्थात् दान गर्नुपर्छ। कहिलेकाहीँ आफूले सञ्चय गरेका पुण्यको मूलप्रति पनि राग उत्पन्न हुन्छ। तर त्यसमा आसक्त नभई जे जति पुण्यका मूल छन् ती सबै प्राणीहरूको लागि परिणामना गर्नुपर्छ। त्यो पनि आफू सुखी र खुसी हुनको लागि नभई सर्वप्राणी सुखी र खुसी रहून्, दुःखबाट मुक्त होऊन् भनी परिणामना गर्नुपर्छ। मूल श्लोकमा *"दरिद्र प्राणीहरूका निम्ति॥"* आदि भने झैँ आफूले सम्भार गरेको पुण्यको

बलले प्राणीहरूलाई जे आवश्यक छन् ती सबै पूरा होऊन् भन्ने भावनाका साथ परिणामना र प्रार्थना गरेका हुन्।

तेस्रो, सङ्क्षिप्तार्थ-

यहाँ सम्मले अष्टाङ्ग दर्साएको हो। तिनीहरू मूलतः बोधिचित्त उत्पाद गर्ने हेतुको 'सहकारी प्रत्यय' हो। त्यसैगरी पुण्य सम्भारको बलले बोधिचित्त उत्पन्न हुने अनुकूल प्रत्ययहरू सर्वसम्पन्न हुन्छन्। पापदेशना आदिको बलले गर्दा प्रतिकूल बाधा अड्चनहरू हट्छन्। त्यसैले ती अष्टाङ्गहरू आफूभित्र बोधिचित्त उत्पन्न हुने 'सहकारी प्रत्यय' हुन् भन्नुभएको हो।

दोस्रो, मतिशोधनमा चार भेद छन्; १. वास्तविक मतिशोधन, २. मतिशोधनको सान्दर्भिकता उल्लेख, ३. विशेष गरी काय परित्याग गर्नुपर्ने उल्लेख र ४. मतिशोधनको फल परोपकारको लागि परिणामना गर्ने।

पहिलो, वास्तविक मतिशोधन-

शरीर र त्यसैगरी सम्पत्ति,
तिनै कालका सारा पुण्यहरू पनि,
सम्पूर्ण प्राणीहरूको अर्थ सिद्धिको लागि,
विना कन्जुसी दान गर्दछु ॥ १० ॥

यहाँदेखि तल मतिशोधन बारे दर्साउनुभएको छ। मतिशोधनको बलले बोधिचित्त उत्पन्न हुने भएकोले मतिशोधन बोधिचित्तको 'उपादान हेतु' हो। मतिशोधन कसरी गर्नुपर्छ ? भने यहाँ बताएनुसार 'आफ्नो यो शरीर पनि प्राणीहरूको अर्थसिद्ध हुनको लागि विना कन्जुस्याइँ र विना लोभ गरी दान

गर्छु। त्यसैगरी आफ्नो धन सम्पत्ति आदि आफ्नो स्वामित्वमा रहेका वस्तुहरू पनि प्राणीहरूको हितको लागि खर्चिन्छु। त्यति मात्र नभई बितेका, वर्तमान र भविष्य अर्थात् त्रिकालमा सञ्चय गरेका पुण्यका मूलहरू जति छन् ती सबै पनि फलको आशा नगरी प्राणीहरूको निम्ति दान गर्छु' भन्ने चिन्तनका साथ फेरि फेरि ध्यान भावना गर्नु नै मतिशोधन हो।

दोस्रो, मतिशोधनको सान्दर्भिकता उल्लेख-

सर्वत्याग नै निर्वाण हो भने,
निर्वाण नै चाहन्छ मेरो मन,
सर्वत्याग गर्नु नै पर्छ त,
प्राणीहरूको निम्ति त्याग्नु नै बेस॥ ११॥

यसले आफूसँग भएको प्राणीहरूलाई दान गर्नुपर्ने कारण दर्शाएको छ। हामीले सबै दान गरेमा त्यसको ठुलो महत्त्व छ, किनभने आफूसँग भएको अरू प्राणीहरूलाई दान गरिदिएमा मोक्ष र सर्वज्ञ बुद्धपद प्राप्तिको हेतु भएर जान्छ। यदि अहिले शरीर तथा धन सम्पत्तिहरू दान नगरी त्यसमा आसक्त भई अधिकार जमाएर राखे पनि आफू मरेर जाँदा जसरी पनि छोड्नु पर्ने हुन्छ भने त्यसबेला आफ्नो स्वामित्वमा राख्न सकिन्न।

त्यसैले हामीले अहिले दान गरे पनि नगरे पनि अन्त्यमा मर्दा सबै त्याग्नुपर्ने भएकोले कुरा एउटै हो। तर त्याग्ने हिसाबले एउटै भए तापनि अन्त्यमा फल प्राप्तिको तवरले एउटै होइन। किनभने कुनै कारणवश आफ्नो मृत्यु भएको अवस्थामा गरेको त्यागले केही पनि फल प्राप्त हुँदैन। तर मैले अहिले करुणामय र मैत्री भावको बलले प्राणीहरूको लागि दान गरेमा

क्षणिक र अन्त्य दुबैमा आफू र अरू सबै प्राणीहरूलाई वृहत् कल्याण हुने भएकोले अहिलेदेखि नै जसरी भए पनि दान (त्याग्न) गर्न सक्नुपर्छ।

तेस्रो, विशेष गरी काय परित्याग गर्नुपर्ने उल्लेख-

मैले सबै शरीरधारीलाई,
यो शरीर दान गरिसकेँ,
सधैं मार्ने, निन्दा गर्ने,
लतार्ने आदि जेसुकै गरून्॥ १२॥

मेरो शरीरमा चाहे खेलुन् या,
हाँसेर विलास गरून्,
यो मेरो शरीर दान गरिसकेँ,
यसको चिन्ता के गर्नु ?॥ १३॥

तिनीहरूलाई हानि नहुने,
जुनै पनि कार्य गर्दा हुन्छ,
मेरै कारणले कहिल्यै पनि,
कसैलाई अनर्थ नहोस्॥ १४॥

मेरो कारणले कसैको मानमा,
क्रोध वा श्रद्धा भाव जे उत्पन्न भए,
ती सधैं तिनीहरूको,
सम्पूर्ण अर्थसिद्ध हुने हेतु बनोस्॥ १५॥

कसैले मलाई खिल्ली उडाउने वा,
अरू जसले हानि पुऱ्याए पनि,
त्यसैगरी दोषारोपण गरे तापनि,
सबैलाई बोधि लाभको सौभाग्य मिलोस्॥ १६॥

त्यसपछि महत्त्वपूर्ण के छ भने साधरणतया व्यक्ति (पुद्गल) जो भए पनि सबैमा आफ्नो शरीर प्रति ठुलो लगाव (आसक्ति) भएकोले अरू प्राणीको लागि कसैले पनि यो शरीर त्याग्न सक्दैन। त्यसैले मतिशोधनको लागि विशेष गरी शरीरप्रतिको रागलाई नष्ट गरी काय त्याग्ने बारे अहिले यहाँ दर्साएको छ। त्यसैगरी आफ्नो शरीरप्रति ठुलो राग भएकोले कहिलेकाहीँ हत्या गर्ने, अपमान गर्ने, कुट्ने आदि अभद्र व्यवहार गर्न पुगिन्छ। त्यसैगरी आफ्नो शरीर अति प्रिय हुने भएकोले कहिलेकाहीँ डर, त्रास, घमन्ड, ईर्ष्या आदि उत्पन्न हुन्छन्। त्यस्तो नहुन "मेरो यो शरीर प्राणीहरूलाई दान गरिसकेँ। आजदेखि यो शरीर अरूले मारे पनि फरक पर्दैन। अपमान गरे पनि, कुटे पनि केही फरक पर्दैन। यो शरीर अरूलाई दान गरिसकेकोले मेरो आफ्नो शरीर होइन। जसलाई दान गरेको हो तिनीहरूको स्वामित्व रहेको शरीर हो।" भन्ने जस्ता चिन्तन गरेर मतिशोधन गर्नुपर्छ।

त्यसैगरी आफ्नो शरीरमा खेलबाड गर्ने, राम्र-नराम्रा, मान-अपमान, दुरुपयोग गरे तापनि, त्यसैगरी भद्रकार्य गरे पनि आफ्नो शरीर सम्पूर्ण प्राणीहरूलाई दान गरिसकेको हुनाले त्यसलाई विशेष तवरले हेरविचार गरिरहनु कुनै अर्थ छैन। मेरो शरीरलाई अरूले जे गरे पनि मलाई फरक पर्दैन भन्ने सोच्नु पर्छ। त्यसैगरी अरू प्राणीलाई असर हुने कार्य त्यागेर हितकारी कार्यहरू गर्न लगाउनु पर्छ। त्यसैगरी आफ्नो शरीर अरूले देख्दा, आफ्नो नाम अरूले सुन्दा सबैमा अर्थपूर्ण र हित हुनु बाहेक कहिल्यै

अर्थहीन नहोस् भन्ने सोच्नु पर्छ। त्यसैगरी अरू कसैले आफ्नो शरीरमा हानि पुऱ्याए पनि उनीहरूलाई हानि नभई कुशलै होस् भन्ने आदि सोच राख्नुपर्छ।

सङ्क्षिप्तमा आफ्नो यो शरीरले गर्दा अरूलाई क्षणिक सुख होस् र अन्त्यमा यसै शरीरले गर्दा अरू प्राणीहरूप्रति मैत्री तथा करुणा भाव अभिवृद्धि हुँदै भविष्यमा बुद्धत्व प्राप्त हुने सौभाग्य मिलोस् भन्ने सोचेर मतिशोधन गर्नुपर्छ।

चौथो, मतिशोधनको फल परोपकारको लागि परिणामना गर्ने-

म अनाथहरूको नाथ,
यात्रीहरूको मार्गदर्शक सार्थवाह,
तर्न चाहनेहरूको नाउ,
जहाज र पुल बनूँ॥ १७॥

द्वीप चाहनेका लागि द्वीप,
ओछ्यान चाहनेका लागि ओछ्यान,
दास चाहनेहरू सबै प्राणीहरूका लागि,
म दास बनूँ॥ १८॥

चिन्तामणि, भद्र कलश,
सिद्धविद्या, महौषधी,
कल्पवृक्षका साथै,
प्राणीहरूका लागि कामधेनु बनूँ॥ १९॥

पृथ्वी आदि महाभूतहरू र
आकाश झैँ निरन्तर,
असङ्ख्य प्राणीहरूको,
जीवन उपभोगको आश्रय बनूँ॥ २० ॥

त्यसैगरी आकाशव्यापी,
सत्त्वधातुहरूका निम्ति सदैव,
सबैले निर्वाण प्राप्ति गर्ने सम्म,
म जीवन उपभोगको हेतु बनूँ॥ २१ ॥

त्यसैगरी मैले मतिशोधन अभ्यास सञ्चय गरेको पुण्यको मूल पनि सर्व प्राणीहरूको कल्याणको लागि र अहिले मतिशोधन गरे झैँ भविष्यमा म सर्वप्राणीको नाथ अर्थात् लाभकारी बनूँ। त्यसैगरी नाउ चालक, जहाज, पुल, दीपक, सेवक आदि भएर जसलाई जे चाहेको छ त्यो पूरा गर्न सकूँ भन्ने सोचसहित प्रणिधान गर्नुपर्छ। यसले बोधिचित्तको 'सहकारी प्रत्यय' पुण्य सम्भार र 'उपादान हेतु' मतिशोधन, बोधिचित्तको हेतु पूर्व-अभ्यास अथवा प्रयोग धर्म दर्साएको हो।

दोस्रो, मौल प्रतिज्ञा-

जसरी अघिका सुगतहरूले,
बोधिचित्त उत्पाद गर्नुभई,
बोधिसत्त्वको अभ्यासमा,
उहाँहरूले क्रमशः स्थित भए झैं॥ २२ ॥

त्यसै गरी लोक हितको लागि,
बोधिचित्त उत्पाद गरेर,
त्यसरी नै शिक्षा पनि,
क्रमशः अभ्यास गर्नेछु ॥ २३ ॥

त्यसपछि मौल (मूल विषय) बोधिचित्त प्रत्यक्ष ग्रहण गर्ने विधि दर्साउँदा, साधरणतया माथि बताए झैँ बोधिचित्त उत्पादको लागि सहकारीप्रत्यय पुण्य सञ्चय गर्नुपर्छ र उपादानहेतु मतिशोधन अभ्यास गर्नुपर्छ। ती हेतु र प्रत्ययले गर्दा बोधिचित्त उत्पन्न हुन्छ। हामी साधारण व्यक्तिहरूको मनमा बोधिचित्त उत्पाद हुनुपर्छ र उत्पाद भएपछि ठुलो लाभ हुन्छ भन्ने कुरा थाहा भएकै हुन्छ। तर अनादि कालदेखिको आदत वा वासनाले गर्दा स्वयम्प्रति माया र अरूप्रति घमन्ड, ईर्ष्या आदि उत्पन्न हुने बाहेक अरूप्रति प्रियभाव हुँदैन। अरूप्रतिको प्रियभाव विना बोधिचित्त उत्पन्न हुनै सक्दैन।

त्यसैले के उपाय अपनाउनुपर्छ त ? भने आफैँले स्वीकारेर प्रतिज्ञा गरी बोधिसत्त्व संवर (शील) ग्रहण गरेमा लाभ हुन्छ। त्यसैले बोधिसत्त्व संवर ग्रहण गरी अभ्यास गर्नु अति महत्त्वपूर्ण रहेको छ। साधरणतया भोटको गुह्यमन्त्र बज्रयान धर्म अभ्यासमा तीन प्रकारका संवर छन्। बाह्य प्रतिमोक्ष संवर, भित्री बोधिसत्त्व संवर र गुह्य विद्याधर मन्त्र संवर हुन्। त्यस मध्ये बोधिसत्त्व संवर भने बाह्य प्रातिमोक्ष संवर भन्दा फरक हुन्छ।

बोधिसत्त्व संवर विशेष गरी चित्तको संवर हो। हाम्रो चित्त नियन्त्रण नभएकोले शील पालन गर्छु भन्ने सोच भए तापनि पालन गर्न सक्दैनौँ। त्यसैगरी कहिलेकाहीँ रिस उठ्ने र द्वेष भाव जाग्ने हुन सक्छ। यदि त्यसो भएमा उक्त संवर पतन भएर जान्छ। त्यसैले सजिलै पालन गर्न भने सकिँदैन।

तर यो संवर कहिल्यै पतन नहुने गरी पालन गर्नको लागि ग्रहण गरेको भने होइन। उक्त संवर फेरि फेरि ग्रहण गरी आफ्नो चित्तमा कुशल छाप राख्ने र उक्त छाप (वासना) स्थिर हुँदै क्रमशः बोधिचित्त राम्ररी उत्पन्न हुनलाई बोधिसत्त्व संवर ग्रहण गरिन्छ। उदाहरणको लागि पहिलेका बुद्ध र बोधिसत्त्वहरू सबैले बोधिचित्त उत्पाद गरी बोधिसत्त्वको शिक्षामा आधारित क्रमशः अभ्यास जसरी गर्नुभयो, मैले पनि त्यसरी नै बोधिचित्त उत्पाद गरी बोधिसत्त्वको शिक्षा क्रमशः अभ्यास गर्छु भन्ने सोचेर बोधिसत्त्व संवर ग्रहण गर्नुपर्छ।

तेस्रो, पृष्ठमा स्व-पर मुदिता भावनामा दुई; १. स्वमुदिता भावना गर्ने र २. परमुदिता भावना गर्ने।

पहिलो, स्वमुदिता भावना गर्ने-

त्यसरी नै बुद्धिमानले,
उत्तम बोधिचित्त ग्रहण गरेर,
अन्तमा पनि अभिवृद्धि हुन,
चित्तलाई यसरी नै आनन्दित गर्दछु॥ २४॥

यहीँ मेरो जीवन फलदायी भयो,
मानव चोला प्राप्त सार्थक भयो,
आज म बुद्धकुलमा जन्मे,
अहिले बुद्धपुत्र भएको छु॥ २५॥

अब मैले जसरी भएपनि,
कुल अनुरूप कार्य गरेर,

निर्मल यो शुद्ध कुलमा,
कुनै कलङ्क नलाग्ने गर्छु ॥ २६ ॥

जसरी अन्धोले फोहोरको डङ्गुरबाट,
बहुमूल्य रत्न भेट्टायो,
त्यसरी यो दृष्टान्त जस्तै,
ममा यो बोधिचित्त उत्पन्न भयो ॥ २७ ॥

जगत्‌को मृत्युलाई नाश गर्ने,
उत्तम अमृत पनि यही हो,
जगत्‌को गरिबी निर्मूल पार्ने,
अक्षय निधि (खजाना) पनि यही हो ॥ २८ ॥

जगत्‌को रोग पूर्ण शान्त पार्ने,
उत्तम औषधी पनि यही हो,
भवमार्गमा भौँतारिएर थकित हुँदा,
प्राणीको विश्राम गर्ने वृक्ष यही हो ॥ २९ ॥

सम्पूर्ण जगत्‌लाई दुर्गतिबाट,
पार गर्ने पुल हो,
जगत् क्लेशको पीडा निर्मूल पार्ने,
मनको चन्द्रमा उदायो ॥ ३० ॥

जगत् अज्ञानताको अन्धकार,
हटाउने विशाल सूर्य हो,

सद्धर्मको दुध मथेर,
नौनी [सार तत्व] प्राप्त भयो॥ ३१॥

जगत्को पाहुना भवमार्गमा डुल्दै,
सुख ऐश्वर्यको उपभोग गर्न चाहनेहरूलाई,
यो सर्वउत्कृष्ट सुख प्राप्त भएकोले,
महाअतिथि प्राणीलाई तृप्त पारेका छन्॥ ३२॥

त्यसपछि स्व: तथा परमुदिता भावना गर्ने बारे दर्साएको छ। आफ्नो मन अत्यन्त प्रसन्न भई बोधिचित्त उत्पन्न हुनु र ग्रहण गरेको बोधिसत्त्व संवर नाश नभई अभिवृद्धि गर्नको लागि मनलाई पुरस्कृत गरी मुदिता (प्रसन्नता) भावना गर्नु हो।

त्यसैगरी बोधिसत्त्व संवर ग्रहण गरेर मात्र हुँदैन। के चाहिन्छ भने त्यसको अन्त्यमा बोधिसत्त्व संवर अभिवृद्धि हुँदै बोधिचित्तको विस्तार हुनुपर्छ। यदि बोधिसत्त्व संवर ग्रहण गरिसकेपछि 'हत्तेरी, संवर ग्रहण गर्नु राम्रो भएन' भन्ने जस्ता पछुतो भयो भने त्यसले संवरलाई विस्तार हुन नदिई पतन गराउँछ।

अकुशल कर्म गरेकोमा पश्चात्ताप भयो भने उक्त पाप कम हुँदै जान सक्छ। त्यसैगरी कुशल कर्ममा पश्चात्ताप भएमा पनि उक्त पुण्य थोरै भएर जाने सम्भावना हुन्छ। त्यसैले बोधिसत्त्व संवर ग्रहण गरेकोमा पश्चात्ताप नभई आफ्नो चित्तमा प्रसन्नता र अभिरुचि जगाउनु पर्छ। प्रसन्नता र अभिरुचि भएमा त्यसले गर्दा [बोधिचित्त] क्रमशः अभिवृद्धि भएर जान्छ। त्यसैले स्वमुदिता भावना गर्नुपर्छ। त्यसैगरी अहिले भाग्यशाली भएकोमा प्रसन्नता उत्पन्न गर्न र भाग्यमानीलाई भाग्यमानी हो भन्ने बोध हुनलाई मुदिता भावना गर्नुपर्छ।

वास्तवमा हामीले मनुष्य जीवन प्राप्त हुनु नै भाग्यशाली हो। तर मनुष्य जीवन प्राप्त गरेका धेरै जसो मान्छेका जीवन अर्थपूर्ण भएको हुन्न। धेरै दुःख गर्दा पनि अन्त्यमा केही परिणाम या फल प्राप्त नभई स्वतः मरेर गयो भने मानव जीवन प्राप्त गरेको केही मतलब हुँदैन। तर बोधिचित्त उत्पाद भएमा उत्तम फल प्राप्त हुन्छ र बुद्धकुलमा जन्म भएकोले अहिले बुद्धको हेतु आफ्नो चित्तमा रहेकोले भविष्यमा क्रमशः बुद्धत्व प्राप्त भएर जान्छ।

उदाहरणको लागि चक्रवर्ती सम्राट् पुत्र भविष्यमा राजा हुनेछन्। त्यसरी नै बोधिचित्त उत्पन्न हुनासाथ स्वतः बुद्धपुत्र बोधिसत्त्व भइसकेको हुनाले भविष्यमा बुद्धभूमिमा प्रस्थान हुने नै हो। त्यसैले अति भाग्यशाली हो। त्यसरी बुद्धकुलमा जन्मेर पहिले आगमन हुनुभएका बोधिसत्त्वहरूले सबै उत्तम कार्य बाहेक नराम्रो केही पनि गर्नुभएको छैन। मैले पनि भविष्यमा जसरी उहाँहरूले प्रयत्न र अभ्यास गर्नुभएको थियो त्यसरी नै बोधिसत्त्व कुललाई दाग नलाग्ने गर्नेछु अर्थात् "महाबोधिसत्त्वहरूले जसरी गर्नुभएको थियो मैले पनि त्यसरी नै गर्छु" भनी सोच्नुपर्छ भन्ने देखाउनुभएको छ।

अहिले हामीले बोधिचित्तको बारेमा चिन्तन गर्न सक्नु नै अति भाग्यमानी र आश्चर्यजनक हो। उदाहरणको लागि एउटा अन्धोले फोहोरको डङ्गुरमा रत्न भेट्टायो भने सबै मान्छे आश्चर्य चकित हुन्छन्। किनभने आँखा देख्नेले त भेट्टाउन सक्छ होला। त्यसैगरी राजाको भन्डारमा त अन्धोले पनि मणि भेट्टाउन सकिन्छ होला। तर त्यसो नभई फोहोरमा भेट्टाउनु र त्यो पनि निम्न, काम नलाग्ने वस्तु नभई अमूल्य रत्न भेट्टाएकोले सबै जना आश्चर्यचकित हुन्छन्। यो उदाहरण जस्तै अहिले हामी यानि साधारण व्यक्ति (पृथग्जन) अज्ञानताले ढाकेको छ र हामीमा आँखा अर्थात् प्रज्ञा नभएकोले अहिले हामी अन्धो जस्तै हौँ। यस लोकधातुमा

सारा पृथग्जनहरू राग, द्वेष र मोह (अज्ञानता) आदि क्लेशमा फसिरहेकाले फोहोर जस्तै हुन्। त्यसबाट बोधिचित्त जस्तो अमूल्य रत्न भेट्टाउनु भनेको अत्यन्तै अद्भुत र आश्चर्यजनक हो।

त्यसैगरी आफूले गरेको बोधिचित्त उत्पाद आफ्नै हित होस् भनी गरेको नभए तापनि त्यसले गर्दा भविष्यमा आफू बोधिसत्त्वमा प्रस्थान भइन्छ र बोधिसत्त्वबाट बुद्धपदमा पुगिन्छ। त्यसरी अभ्यास चरणमा बोधिसत्त्व भूमि र अन्तिममा बुद्धपद प्राप्त हुने भएकोले प्राणीहरूको ठुलो कल्याण होस् भन्ने सोची प्रसन्न हुनुपर्छ। यो नै स्वमुदिता भावना हो।

दोस्रो, परमुदिता भावना गर्ने-

आज मैले सम्पूर्ण रक्षकहरू सामु,
जगत्लाई बुद्धपद वा अल्पकालीन सुख प्रदान गर्न,
अतिथि आमन्त्रण गरिसकेको छु,
देव तथा असुर आदि सबै अभिनन्दन गर्नुहोस्॥ ३३॥

परमुदिता भावना भन्नाले सबै प्राणीहरूमा अचिन्तनीय र असह्य कठिनाइहरू र दुःखहरू छन्। सबै भन्दा कठिन के हो त ? भने कुनै पनि प्राणीमा रक्षकर्ता नभएको अर्थात् जब प्राणीहरूमा दुःख आइपर्छ तब ती दुःख निर्मूल गर्ने सारथि र सुख नहुँदा सुखमय बनाउने मित्र नहुनु हो। त्यसैगरी कुनै पनि प्राणी आफैँले आफूलाई सुखमय बनाउन नसक्नु र त्यसमा साथ दिने अरू कोही नभेटेकोले अथाह दुःख आइपरेको हो।

त्यसैले मैले आज बोधिचित्तोत्पाद गरी भविष्यमा प्राणीहरूको कल्याण गर्छु, अरू प्राणीहरूले सुख प्राप्तिको अनुकूल प्रत्यय र मित्र बन्छु भन्ने

सोची बोधिसत्त्व संवर ग्रहण गरेका हुन्छन्। मैले यस्ता वृहत् कुशल कार्य थालेकोमा अरू प्राणीहरूले पनि प्रसन्नता भावना गरून् भनी मुदिता भावना गर्न लगाएको हो। यसरी स्वयम् र अरू दुवैले मुदिता भावना गर्ने बारे बताउनुभएको हो।

बोधिचित्त परिग्रह नामक तेस्रो अध्याय समाप्त भयो।

परिणामना

चौथो, परिणामना परिच्छेद दर्साउँदा दुई; १. परिणामनाको सङ्क्षिप्त उल्लेख र २. विस्तृत् व्याख्या।

पहिलो, परिणामनाको सङ्क्षिप्त उल्लेख-

मैले बोधिचर्यावतार,
रचना गर्ने कार्यले आर्जन गरेको
पुण्यले समस्त जगत्,
बोधिचर्यामा प्रवृत्त होस्॥ १॥

वास्तवमा बोधिचर्यावतारमा दश अध्यायहरू रहेका छन् भने अन्तिम अध्यायमा परिणामना र प्रणिधानका बारे दर्साउनुभएको छ। परिणामना र प्रणिधानको अर्थ पनि माथि भने झैँ कुनै वस्तुप्रति आसक्ति नहुनु, आत्मप्रेम नहुनु, त्यसैगरी क्लेशरूपि राग, द्वेष र अज्ञानी नहुनु नै महत्त्वपूर्ण रहेको छ। त्यसैगरी आफूले सञ्चय गरेको पुण्यको मूलप्रति आसक्त भएर 'मैले पुण्यको मूल सञ्चय गरेँ, त्यसको फल मलाई मात्र प्राप्त हुनुपर्छ।' भन्ने सोच सधैं आउन सक्छ। ती सोच आत्मप्रेम भएकोले त्यसलाई त्याग्नु पर्छ। आफूले सञ्चय गरेको पुण्यको मूल आफ्नो लागि नभई अरू प्राणीहरूको लागि परिणामना (समर्पित) गरी त्यसले परहित होस् भन्ने सोच राख्नु अति

नै महत्त्वपूर्ण छ। जे जति पुण्य सम्भार गरिएका छन् ती सबै अरूको निम्ति परिणामना गर्नुपर्छ।

यहाँ परिणामना र प्रणिधान दुई भेदहरू मध्ये पहिलो, परिणामना भन्नाले मैले सर्वप्रथम बोधिचित्त उत्पाद गरेर त्यसपछि बोधिचर्यामा प्रस्थान गरी दान, शील, क्षान्ति, वीर्य, समाधि र प्रज्ञा अर्थात् छ पारमिताको अभ्यासमा प्रस्थान गर्दा होस् या वास्तवमै प्रत्यक्ष अभ्यास गर्दा होस् आफूले जतिसक्दो अभ्यास गर्नुपर्छ। चाहे सुरुवाती चरणको बोधिचर्या अभ्यास गर्दा होस् या भूमिमा अवस्थित सद्पुरुषको बोधिचर्या अभ्यास गर्दा होस्, त्यस क्रममा सञ्चय गरेका वृहत् पुण्यको मूलहरू जति छन् ती सबै "आमारूपी सम्पूर्ण प्राणीहरू बोधिचर्याको अभ्यासमा लागेर तथागत बुद्धपद प्राप्त गरून्" भनी अरूको निम्ति परिमाणमा गरेको हो।

परिणामना किन गर्नुपर्छ ? किन भने माथि उल्लेख गरे झैँ पृथग्जन (साधारण व्यक्ति) हामीहरू आत्मग्राहको सोचले बाँधिएका छौँ। त्यसैले यदि "म बोधिचर्यामा प्रस्थान गर्छु" भन्ने रुचि जागे पनि त्यो अरू प्राणीहरूको लागि नभई "भविष्यमा म सांसारिक दुःखबाट मुक्त हुन र बुद्धपद प्राप्त गर्न प्रस्थान गर्छु" भन्ने सोच स्वतः उत्पन्न हुन्छ। त्यो कसरी भएको हो ? कसरी भने आत्मग्राहले गर्दा भएको हो। अहिले यहाँ बोधिचर्या भन्नाले विशेष गरी आत्मग्राह त्यागेर पुण्यको फल आफ्नो लागि नभई "मेरो पुण्यको मूलले अरू सम्पूर्ण प्राणीहरूको हित होस्" भनी अरू प्राणीहरूलाई परिणामना गर्नु हो।

दोस्रो, प्रणिधान भन्नाले साधरणतया क्षणिक सुख, खुसी, दीर्घायु, निरोग, यश, अथाह सम्पत्ति आदि प्राप्तिको लागि प्रणिधान गर्दा नमिल्ने त होइन। तर ती परम सुख (फल) नभएकोले अति सानो फल हो।

त्यसैले क्षणिक फलको लागि मात्र नभई यस शास्त्रमा सर्वप्रथम वृहत् प्रणिधान अर्थात् "सारा जगत्का प्राणीहरू बोधिचर्यामा प्रवृत्त होऊन्" भनी प्रणिधान गर्नुपर्ने दर्साइएको छ। "यस पुण्यको बलले सारा प्राणीहरूलाई फल अर्थात् परम सुख प्राप्त होस्" भनी यस्ता प्रणिधान गर्नुपर्ने शास्त्रमा क्रमशः उल्लेख गरिएको छ।

साधरणतया प्रणिधान गर्दा सिद्ध हुने र नहुने दुई प्रकारका छन्। सिद्ध नहुने प्राणिधान भन्नाले जस्तै: विना बिउ कुनै फल प्राप्त हुन सक्दैन तर पनि "वृहत् फल प्राप्त होस्" भनी प्रणिधान गर्नेलाई बुझिन्छ। उदाहरणको लागि टेबुलमाथि एउटा राम्रो फूल फुलाउनु पऱ्यो भन्दै "टेबुलमा फूल फुलोस्" भनी प्रणिधान गरे झैँ हो। यस्ता प्रणिधान जति गरेपनि कहिल्यै सिद्ध हुँदैन। तर फूल फुलाउनु पऱ्यो भन्ने सोचेर गमला, माटो, मल, बिउ, पानी आदि हेतु प्रत्ययहरू सबै व्यवस्था मिलाइयो भने अवश्य फूल फुलाउन सकिन्छ। यो उदाहरण झैँ हामीले अहिले विना कुनै हेतु (पुण्य) प्रणिधान गरेमा सिद्ध हुँदैन। तर हेतु अर्थात् पुण्यको मूल राम्ररी सञ्चय गरेर प्रणिधान गरेमा अवश्य सिद्ध हुन्छ। त्यसैले पुण्य सम्भार गरिसकेपछि परिणामना र प्रणिधान गर्नुपर्छ।

दोस्रो, परिणामनाको विस्तृत व्याख्या गर्दा तीन; १. परार्थको निम्ति सुखको हेतु हुन प्रणिधान, २. स्वहितको निम्ति बोधिचर्याको हेतु हुन प्रणिधान र ३. स्व-पर दुबैको हितको निम्ति बौद्ध धर्म प्रवर्द्धन हुन प्रणिधान। पहिलोमा दुई; १. दुःखबाट मुक्त हुन प्रणिधान र २. उत्तमजनको अभिलाषा सिद्ध हुन प्रणिधान। पहिलोमा तीन; १. प्राणीको साझा दुःखबाट मुक्त हुन प्रणिधान, २. दुर्गतिको दुःखबाट मुक्त हुन प्रणिधान र ३. सुगतिको दुःखबाट मुक्त हुन प्रणिधान।

पहिलो, सम्पूर्ण प्राणीको साझा दुःखबाट मुक्त हुन प्रणिधान-

दुःखबाट मुक्त भई सुखयुक्त हुनलाई यस्तो प्रणिधान गरिन्छ। त्यो पनि सम्पूर्ण प्राणीको साझा दुःख र विशेष गरी दुर्गति तथा सुगतिको दुःखबाट मुक्त भई सुखयुक्त होस् भन्ने जस्ता प्रणिधान गर्ने विधि धेरै छन्। ती मध्ये पहिलो अर्थात् प्राणीको साझा दुःखबाट मुक्त हुन गर्ने प्रणिधान-

सबै दिशामा शारीरिक एवम् मानसिक,
दुःखले पीडित जति छन्,
ती सबै मेरो पुण्यले,
सुख र हर्षको सागर प्राप्त होस्॥ २॥

तिनीहरू जबसम्म संसारमा रहन्छन्,
कहिल्यै सुखको कमी नहोस्,
प्राणीहरूमा बोधिसत्त्वको,
सुख निरन्तर प्राप्त भइरहोस्॥ ३॥

मूलमा *"सबै दिशाका"* भन्नाले सामान्यतया अविद्याले गर्दा हामीले आफ्ना नजिक रहेका प्राणीहरू बाहेक अरू देख्न सक्दैनौँ। तर प्राणीहरू पूर्व, पश्चिम, उत्तर, दक्षिण, तल, माथि, सबै दिशामा अचिन्त्य रूपले अवस्थित छन्। ती असङ्ख्य प्राणीहरूमा पनि विभिन्न थरीका दुःख छन्। उदाहरणको लागि कोहीलाई शारीरिक पीडा हुन्छ भने कोहीलाई मानसिक पीडा हुन्छ। "यस्ता विभिन्न प्रकारका पीडा भएका ती प्राणीहरूका हितका लागि मैले सञ्चय गरेको पुण्यको बलले भविष्यमा क्रमशः शारीरिक दुःखबाट मुक्त भई सुखमय होस् र मनमा अशान्ति नभई खुसीयाली

छाओस्, तिनीहरूले विशाल सागर सरि अचिन्त्य सुख र खुसी प्राप्त गरोस्” भनी प्रणिधान गरिन्छ। जुनसुकै प्राणी भए तापनि ती सबै दुःखबाट मुक्त भएर सुख र खुसी हुनको लागि प्रणिधान तथा कामना गर्नुपर्छ। त्यसैगरी रित्तिएर जाने क्षणिक सुख तथा खुसी प्राप्तिको लागि नभई “कहिल्यै नरित्तिने परम सुख निरन्तर रूपले प्राप्त होस्” भन्ने सोच सहित प्रणिधान गर्नुभएको हो।

दोस्रो, दुर्गतिको दुःखबाट मुक्त हुन प्रणिधान दर्साउँदा तीन; १. नरकको दुःख, २. पशुको दुःख र ३. प्रेतको दुःखबाट मुक्त हुन प्रणिधान।

पहिलो, नरकको दुःखबाट मुक्त हुन प्रणिधान-

त्यसपछि दुर्गतिको र उच्च लोकको दुःख क्रमशः विशेष रूपले बताउनु भएपछि ती दुःखबाट मुक्त हुन प्रणिधान गर्नुभएको छ। त्यसमध्ये दुर्गतिको दुःख अर्थात् नरक, प्रेत र पशुको दुःखहरू क्रमशः बताउनुभएको छ। यहाँ ती मध्ये नरकको दुःख विस्तृतमा बताउनुभएको छ। यसरी मूलमा-

लोकधातुमा नरकहरू,
जति पनि रहेका छन्,
त्यहाँका शरीरधारीहरू,
सुखावतीको सुखले आनन्दित होऊन्॥ ४॥

चिसोले पीडित भएकाहरूलाई न्यानो प्राप्त होस्,
बोधिसत्त्वको महामेघद्वारा,
वर्षेको जल सागरले, गर्मीले पीडित
भएकालाई शीतलता प्राप्त होस्॥ ५॥

असिपत्र वन पनि,
चन्दनको घना जङ्गल बनोस्,
कूटशाल्मली वृक्ष पनि,
कल्पवृक्ष भई उत्पन्न होस् ॥ ६ ॥

कादम्ब, कारण्ड, चक्रवाक् हंस,
आदिको कोलाहलले सुशोभित होस्,
सुगन्धित कमलको तलाउहरूले,
नरकका क्षेत्रहरू रमणीय बनून् ॥ ७ ॥

अँगारका थुप्राहरू रत्नका थुप्रा बनून्,
तातो भूमि स्फटिक भूमि बनोस्,
सङ्घात (नरक)का पर्वतहरू पनि पूजाको,
विमान भई सुगतहरूले भरिपूर्ण होस् ॥ ८ ॥

अँगारको ज्वाला पत्थर र शस्त्रहरूको वर्षा,
अबदेखि फूलको वर्षामा परिवर्तन होस्,
एक-आपसमा शस्त्र प्रहार गर्ने पनि,
अबदेखि फूल प्रहार गर्ने खेल बनोस् ॥ ९ ॥

आगोको भूङ्ग्रो रूपी वैतरणी नदीमा डुबेका,
सारा मासु गलेर हड्डी कुन्दफूलको रङ्ग जस्तो भएकाहरू,
मेरो पुण्यको बलले देवताको शरीर प्राप्त भएर,
अप्सराहरू सँगै मन्दाकिनीमा रहोस् ॥ १० ॥

किन यहाँ भयङ्कर यमदूत, चील (काग),
गिद्धहरू भयभीत भए,
अन्धकार पूरै हटाई सुख र आनन्द उत्पन्न गर्ने
भद्र बलवान को हो भनी सोच्दै,
माथि हेर्दा आकाशको माझैमा ज्वलन्त
वज्रपाणि विराजमान भएको देखेपछि,
अत्यन्त खुसीको बलले दुःखबाट मुक्त भई
उहाँ सँगै प्रस्थान होस् ॥ ११ ॥

सुगन्धित जल मिश्रित फूलको वर्षाले,
नरकमा दन्किरहेको आगो निभाएको देखेर,
अकस्मात सुखले तृप्त हुँदा यो कसरी भयो सोच्दा,
नरकका प्राणीहरूले पद्मपाणिको दर्शन होस् ॥ १२ ॥

मित्रहरू! भयमुक्त भई छिटो हाम्रोसामु यता आऊ,
जसको बलले सारा दुःख मुक्त भई ठुलो आनन्द हुन्छ,
सारा प्राणीलाई पूर्ण रक्षा गर्ने बोधिचित्त र करुणा उत्पन्न गर्ने,
भयमुक्त पार्ने ज्वलन्त कुमार चीरधारीसामु गएर ॥ १३ ॥

तिमीले हेर, सयौँ देवताका मुकुटहरूले
चरणकमलमा पूजा गरी,
करुणाले रसाएका आँखा,
शिरमा विभिन्न फूलहरूको वर्षा भएको,
कूटागारमा हजारौँ सुन्दर देवीहरूको
स्तुति गीत गुन्जिरहेको हेर,

भनी त्यस्तो मञ्जुघोषको दर्शन हुँदा
अब नरक प्राणीमा कोलाहल मच्चियोस् ॥ १४ ॥

यसरी मेरो कुशल कर्मको मूलले समन्तभद्र
आदि बोधिसत्त्वको बलले निरावरण मेघद्वारा,
सुख, शीतल तथा सुगन्धित वर्षा भएको देखेर,
नरकका ती प्राणीहरू आनन्दित होऊन् ॥ १५ ॥

नरकको दुःखबाट मुक्त हुन प्रणिधान गर्दा उष्ण (तातो) दुःख भोग्नु पर्ने नरक, चिसो दुःख भोग्नु पर्ने नरक, असिपत्र (तरवार जस्तो पात भएको) वन, कूटशाल्मली (सिमल) रुख, वैतरणी नदी आदि प्रात्यन्तिक दुःख भोग्नु पर्ने नरक आदि र नरकमा अवस्थित ती सारा प्राणीहरूलाई आलम्बन गरी मैले बोधिचर्यावतार अभ्यासमा प्राप्त गरेको पुण्यको मूल र त्यसको बलले ती प्राणीहरू नरकको दुःखबाट मुक्त होऊन्। त्यसैगरी चिसोले नाजुक भएकाहरूमा न्यानो प्राप्त होस्, तातो गर्मीले नाजुक भएकाहरूले शीतलता प्राप्त गरून्। भयङ्कर पर्वतहरू पनि देवीदेवताहरूको स्थान जस्तै मनमोहक भएर जाऊन् भन्ने जस्ता शास्त्रमा विस्तृत रूपमा बताए झैँ सर्व सुख, खुसी र मुदिता निरन्तर रूपले प्राप्त होस् भन्ने मनसायले प्रणिधान गर्नुपर्छ भन्ने दर्साउँछ।

दोस्रो, पशुको दुःखबाट मुक्त हुन प्रणिधान-

पशुहरू (तिर्यक) एक अर्कालाई,
मार्ने भयबाट मुक्त होऊन्,

त्यसपछि पशुको दुःख र त्यसबाट मुक्तिको लागि प्रणिधान गर्ने बारे बताएको छ। पशुहरूमा विशेष गरी मूर्खता र लाटोपनको दुःख हुन्छ। त्यही लाटोपन र मूर्खताले गर्दा हेय-उपादेय (के ग्रहण गर्नु पर्ने र के त्याग्नु पर्ने) भन्ने कुरामा कुनै ज्ञान हुँदैन। त्यसैगरी डर र त्रासको अथाह पीडा हुन्छन्। पशुहरूमा हुने दुःखहरू मध्ये विशेष गरी एकलाई अर्कोले मारेर खाने डर नै एउटा सबैभन्दा ठुलो दुःख हो। त्यसैले यस शास्त्रमा सबै भन्दा ठुलो पीडाको तवरले "एकलाई अर्काले मार्ने डरबाट मुक्त होऊन्" भन्ने सोच सहित प्रणिधान गर्नुपर्ने बारे दर्साइएको हो।

तेस्रो, प्रेतको दुःखबाट मुक्त हुन प्रणिधान-

उत्तरकुरुका मानिसहरू जस्तै,
प्रेतहरू पनि सुखी रहून्॥ १६॥

आर्य अवलोकितेश्वरको,
हातबाट बगेको दुधको धाराले,
प्रेतहरू तृप्त भएसँगै,
स्नान गरी सधैं शीतल होस्॥ १७॥

त्यसैगरी प्रेतको दुःखबाट मुक्त हुन प्रणिधान गर्दा प्रेतहरूमा क्षुत्तृष्णा (भोग र प्यास)को असह्य दुःख हुने भएकोले ती प्रेतहरूले खाना, पिउने, कपडा, गहना आदि कामगुण उपभोगको सारा सुख प्राप्त गरोस्। जस्तैः उत्तर कुरूका मानिसहरू सर्वसम्पन्न, सुखी, खुसी र धन सम्पत्तिले भरपुर भए झैँ तिनीहरू पनि त्यस्तै होउन् भन्ने सोच सहित प्रणिधान गर्नुपर्छ। त्यसैगरी आर्य अवलोकितेश्वरको हातबाट बगेको दूधको धाराले ती प्रेतहरू सबैले

खानपिन आदि जतिसक्दो उपभोग गरी सन्तुष्टिका साथ भोग प्यासको दुःखबाट मुक्त हुन प्रणिधान गर्नुपर्छ। अनि ती प्रेतहरूले तातो गर्मीको दुःख भोग्नु पर्ने हुनाले अवलोकितेश्वरको हातबाट बगेको दुधको धाराले स्नान गरी तातो पीडाबाट मुक्त भई सधैं शीतलता प्राप्त होस् भन्ने सोचेर प्रेतहरू भोग, प्यास र चरम तातोको दुःखबाट मुक्त हुनलाई प्रणिधान गर्नुपर्छ। यसरी दुर्गतिहरूको दुःखबाट मुक्त हुने प्रणिधान दर्शाइको छ।

तेस्रो, सुगतिको दुःखबाट मुक्त हुन प्रणिधान दर्साउँदा तीन; १. कमी-कमजोरी उन्मूलन हुन प्रणिधान, २. धन सम्पत्तिले सर्वसम्पन्न हुन प्रणिधान र ३. सुख र खुसीले सर्वसम्पन्न हुन प्रणिधान।

पहिलो, कमी-कमजोरी उन्मूलन हुन प्रणिधान-

अन्धाहरूले पनि आँखा देखून्,
बहिराले सधैं आवज सुनून्,
मायादेवीले जस्तै, गर्भवतीले पनि
विना व्यथा बच्चा जन्माऊन्॥ १८॥

वस्त्रविहीनहरूलाई वस्त्र,
भोकाहरूलाई भोजन,
प्यासीलाई पानी तथा,
मिठो पेय प्राप्त होस्॥ १९॥

गरिबहरूले धन प्राप्त गरून्,
शोकले पीडित भएकालाई प्रसन्नता मिलोस्,

निराशहरू पनि आशावान् बनेर,
स्थिरतापूर्वक सर्व-सम्पन्न होऊन् ॥ २० ॥

रोगी प्राणीहरू जति छन्,
रोगबाट शीघ्र मुक्त होऊन्,
जगत्का सम्पूर्ण रोगहरू,
कहिल्यै उत्पन्न नहोस् ॥ २१ ॥

भयभीतहरू भयमुक्त होऊन्,
बाँधिएकाहरू बन्धनमुक्त होऊन्,
कमजोरहरू बलवान बनून्,
एक आपसमा मित्रताको भाव होस् ॥ २२ ॥

यात्रीहरू सम्पूर्णलाई,
सबै दिशामा सुख प्राप्त होस्,
जुन कुराको लागि गएका हुन्,
विना परिश्रम त्यो सिद्ध होस् ॥ २३ ॥

डुङ्गा तथा ठुला जहाजमा चढ्नेहरूको,
मनोकामना सिद्ध भई,
पानीको किनारमा सुख पूर्वक पुगेर,
परिवारसँगै रमाऊन् ॥ २४ ॥

शोकले गलत मार्गमा भौँतारिएकाहरू,
सार्थवाह सँग भेट भई,

चोर, डाँका, बाघ आदिबाट भयमुक्त भई,
विना कठिनाइ सजिलै जान सकून् ॥ २५ ॥

विकट आदि विना बाटो सङ्कटमा परेका
बालक, बृद्ध, अनाथ,
निदाएका, मात्तिएका र बेहोसहरूलाई,
देवताहरूले रक्षा गरून् ॥ २६ ॥

त्यसपछि उच्चलोकको दुःखबाट मुक्त हुन प्रणिधान गर्दा विशेष गरी मनुष्यको सन्दर्भमा मनुष्यमा हुने दुःख जस्तैः अन्धो, बहिरो, त्यसैगरी जन्म, जरा, व्याधि, मृत्युको दुःख, त्यसैगरी भोक, प्यास, शोकाकुल, निराशपन, डाँकाहरूको डर जस्ता दुःखहरूबाट मुक्त होस् भनी प्रणिधान गरेको हो।

दोस्रो, सर्वसम्पन्न धन सम्पत्ति हुन प्रणिधान–

सबै अक्षणबाट मुक्त होऊन्,
श्रद्धा, प्रज्ञा र करुणाले युक्त भएर,
भोजन र आचरण सु-सम्पन्न भई,
सधैं पूर्वजन्महरू स्मरण होऊन् ॥ २७ ॥

सबैलाई आकाश कोष जस्तै,
धन सम्पत्तिको कमी नहोस्,
विना द्वन्द्व, विना हिंसा,
स्वतन्त्र रूपले उपभोग गरून् ॥ २८ ॥

अल्प ओजस्वी प्राणीहरू जुन छन्,
तिनीहरू महा ओजस्वी बनून्,
तपस्वी जो कुरूप छन्,
तिनीहरू रूपवान् सर्वसम्पन्न होऊन् ॥ २९ ॥

लोकमा स्त्रीहरू जति छन्,
तिनीहरूले पुरुषत्व प्राप्त गरून्,
नीचहरूले उच्चता प्राप्त गरी,
अहङ्कार पनि नाश गरून् ॥ ३० ॥

सद्धर्म अभ्यास गर्न क्षण-सम्पाद युक्त विशेष काय आश्रय अर्थात् दुर्लभ मनुष्य जीवनको साथ त्रिश्रद्धायुक्त विशेष चित्त आश्रय प्राप्त हुन प्रणिधान गर्नुपर्छ। त्यति मात्र नभई उत्तम प्रज्ञा र करुणाका साथ धर्म अभ्यास गर्न अनुकूल हुन खाने, लाउने जस्ता उपभोग्य वस्तुहरूको व्यवस्था होस् भनी प्रणिधान गर्ने र त्यसैगरी स्वतन्त्र रूपले सद्धर्म अभ्यास गर्ने, शानदार व्यक्तित्वका साथै अहङ्काररहित होस् भन्ने सोचसहित प्रणिधान गर्नुपर्छ।

तेस्रो, सर्वसम्पन्न सुख र खुसी हुन प्रणिधान-

मेरो यो पुण्यले,
शेषरहित सम्पूर्ण प्राणीले,
सबै पापकर्म त्यागेर,
सधैं कुशल कर्म गरून् ॥ ३१ ॥

बोधिचित्तबाट कहिल्यै अलग नभई,
बोधिचर्याको अभ्यास गरिरहून्,
बुद्धहरूले परिग्रहण गर्नुका साथै,
मार कर्महरू त्यागून् ॥ ३२ ॥

ती सम्पूर्ण प्राणीहरू,
अत्यन्तै चिरायु होऊन्,
जीवन सधैं सुखमय गुजार गरी,
मृत्युको शब्द समेत नसुनून् ॥ ३३ ॥

कल्पवृक्षको बगैँचामा,
बुद्ध तथा बुद्धपुत्र बोधिसत्त्वहरूका,
धर्मध्वनि सुमधुर रुपले गुञ्जिएर,
सबै दिशा भरिपूर्ण होऊन् ॥ ३४ ॥

सम्पूर्ण भूमिहरू,
गिट्टी आदि कङ्कड-पत्थर नभएको,
हत्केला झैँ समतल वैदूर्यमय
स्वभावको कोमल होऊन् ॥ ३५ ॥

चारैतिर परिषद् मण्डल [जति छन्, विशेष गरी]
धेरै बोधिसत्त्वहरू,
आफ्नो शोभाले धरती माथि,
आभूषित गरी विराजमान होऊन् ॥ ३६ ॥

सम्पूर्ण शरीरधारीले चरा,
रूख, प्रकाश जस्ता सम्पूर्ण र,
आकाशबाट पनि धर्मको ध्वनि,
निरन्तर सुनिरहून् ॥ ३७ ॥

तिनीहरू सधैं बुद्ध,
तथा बुद्धपुत्र सँग मिलन भइरहून्,
अनन्त पूजामेघले,
जगत् गुरुको पूजा गरून् ॥ ३८ ॥

देवताले पनि समयमा वर्षा गरी,
अन्नबाली सु-सम्पन्न होस्,
राजले धर्म अनुकूल कार्य गरून्,
लोक पनि समृद्धि होस् ॥ ३९ ॥

औषधीहरू पनि प्रभावशाली होऊन्,
गुह्य मन्त्र जप सिद्ध होस्,
डाकिनी, राक्षस आदि,
करुणामय चित्तले युक्त होऊन् ॥ ४० ॥

कुनै पनि प्राणी दुखी नहोऊन्, [पापी नहोऊन्][4]
भयभीत तथा तिरस्कृत नभई,
कहिल्यै पनि चित्त अशान्ति नहोस् ॥ ४१ ॥

4 भोट अनुवादमा नभएको तर संस्कृतमा रहेकोले यहाँ राखेको छु ।

विहारहरूमा पढ्ने र,
वाचन गर्ने कार्यले सुव्यवस्थित होस्,
सङ्घहरू सधैं मिलेर रहून्,
सङ्घको अर्थ सिद्ध होस् ॥ ४२ ॥

अध्ययन गर्न चाहने भिक्षुहरूलाई,
एकान्त पनि प्राप्त होस्,
सबै विक्षेप त्यागेर,
कर्मण्य चित्तले भावना गरून् ॥ ४३ ॥

भिक्षुणीहरूले लाभ-सत्कार प्राप्त गरून्,
झैझगडा र हानि त्यागून्,
त्यसैगरी सम्पूर्ण प्रवजितहरूको,
शील भङ्ग नभइ जाऊन् ॥ ४४ ॥

शीलभ्रष्ट हुँदा पश्चत्ताप भई,
सधैं पापको क्षय होस्,
सुगति प्राप्त भएर,
त्यहाँ पनि शीलव्रत भ्रष्ट नहोऊन् ॥ ४५ ॥

विद्वान्हरूको सत्कार होस्,
भिक्षा पनि प्राप्त गरून्,
चित्त [सन्तति] परिशुद्ध र,
सबै दिशामा कीर्ति फैलिऊन् ॥ ४६ ॥

दुर्गतिको दुःख भोग्न नपरी,
कुनै पनि कष्ट गर्न नपरी,
देवताको भन्दा विशिष्ट शरीर प्राप्त गरी,
तिनीहरूले शीघ्र बुद्धत्व प्राप्त गरून् ॥ ४७ ॥

त्यसपछि सर्वसम्पन्न सुखी र खुसी हुन प्रणिधान बारे दर्साउँदा, वास्तवमा हेतुरूपी पुण्य सम्भारले गर्दा नै फलरूपी सुख तथा खुसी प्राप्त हुने हो। पुण्य सञ्चय नगरिकन सुख तथा खुसी प्राप्त हुँदैन। त्यसैले हामीले चार ब्रम्हाविहार (अप्रमाण) पाठ गर्दा "सम्पूर्ण प्राणीहरू सुख र सुखको हेतुयुक्त होऊन्" भन्छौँ। यसरी यहाँ सुखमय हुनको लागि सुखको हेतु हुनुपर्ने बताएको छ। यहाँ मूलतः सुखमय र खुसीयाली हुनलाई ती प्राप्त हुने हेतु अर्थात् प्राणीहरूले अकुशल कर्म त्यागेर सदैव कुशल कर्म गरून्, साथै कुशल कर्महरू मध्ये बोधिचित्तबाट कहिल्यै नटाढिएर बोधिचर्यामा लागून् भन्ने जस्ता क्रमशः प्रणिधान गर्नुभएको छ। यसरी सामान्यतया पुण्य सम्भार गरी कुशल कर्म गर्ने र विशेष गरी बोधिचित्तबाट नटाढिएर अभ्यास गर्नाले सारा जगत् परम सुख र खुसी प्राप्त हुन प्रणिधान गरेका हुन्।

तेस्रो, उत्तमजनको अभिलाषा सिद्ध हुन प्रणिधान-

सम्पूर्ण प्राणीहरूले धेरै पटक,
समस्त बुद्धहरूलाई पूजा गरून्,
बुद्धको अचिन्त्य सुखले,
सधैं सुख युक्त भइरहून् ॥ ४८ ॥

बोधिसत्त्वहरूले गरेका,
जगत् हितको कामना सिद्ध होऊन्,
नाथले जे कामना गर्नुभयो,
सर्वप्राणीलाई त्यो प्राप्त होस् ॥ ४९ ॥

त्यसैगरी प्रत्येकबुद्धहरू,
श्रावकहरूलाई पनि सुख लाभ होस्,[5]

यसरी माथि बताइएका सबै पृथग्जनहरूले दुःखबाट मुक्त भई सुखमय र खुसीयाली हुन प्रणिधान गरेका हुन्। यहाँ महापुरुषहरूको लीला तथा कार्य विस्तार हुन र प्राणीको हित हुन भनी उत्तमजन (महापुरुष)को अभिलाषा सिद्ध हुन प्रणिधान गरेको हो। सम्पूर्ण प्राणीहरूले बुद्धलाई धेरै पटक पूजा गर्ने जस्ता कार्य गरी अथाह पुण्य सम्भार गर्ने र सु-सम्पन्न पुण्य सम्भार भएपछि सारा प्राणी बुद्धपद प्राप्त गर्न योग्य हुनुको साथै निरन्तर महासुख प्राप्त हुन्छ। त्यसले गर्दा बोधिसत्त्वहरूको महत्त्वाकाङ्क्षा सिद्ध होस् भनी प्रणिधान गरेको हो।

महत्त्वाकाङ्क्षा कसरी सिद्ध हुन्छ ? कसरी भने वास्तवमा जिन तथा जिनपुत्रहरूले सधैं धेरै प्राणीहरूको कल्याण गर्नुहुन्छ र त्यो पनि शीघ्र गर्नुहुन्छ। उहाँहरूले वृहत् रूपले प्राणीको कल्याण गर्छु भनी सधैं चिन्तन गरिराख्नुभएको हुन्छ। “जगत् हितको लागि गरिराख्नुभएका ती महत्त्वाकाङ्क्षाहरू सबै सिद्ध होऊन् र बोधिसत्त्वहरू सबैले लोक कल्याण गर्न सकून्, तथागत बुद्धहरूले जे कामना गर्नुभएको छ र जसरी प्राणीहरूलाई करुणाभावले हेर्नुहुन्छ त्यसरी नै सारा प्राणीलाई लाभ होऊन्,

5 यहाँ दुई पङ्क्ति संस्कृतमा रहेको तर भोट अनुवादमा देखिएन।

अनुत्तर सुखहरू सारा शीघ्र प्राप्त होऊन्” भनी बुद्ध र बोधिसत्त्वहरूको अभिलाषा तथा मनोकामना सिद्ध हुन प्रणिधान गरिन्छ। त्यसैगरी शान्त निर्वाण मार्गमा विराजमान हुनुभएका प्रत्येक बुद्ध तथा श्रावकहरू जसमा बोधिसत्त्वको झैँ परहितको विशाल चित्त नभए पनि आफू सांसारिक दुःखबाट मुक्त हुन चाहने चित्तोत्पाद जे ग्रहण गर्नुभएको छ ती सबै सिद्ध हुन प्रणिधान गरिएको हो। तिनीहरू विशेष गरी परहितको लागि प्रणिधान गर्नुभएको हो।

दोस्रो, स्व:हितको निम्ति बोधिचर्याको हेतु हुन प्रणिधान-

म पनि मञ्जुश्रीको कृपाले,
प्रमुदिता भूमि प्राप्त नभए सम्म,
सधैं पूर्वजन्महरूको स्मरण भई,
प्रव्रजित प्राप्त भइरहोस्॥ ५० ॥

मैले जे पाइन्छ त्यो खानाले पनि,
स्वस्थ रही जीउन सकूँ,
सबैं जन्महरू एकान्तमा रही,
सर्व सम्पन्न प्राप्त होस्, ॥ ५१ ॥

जब दर्शन गर्ने चाहना वा,
केही सोध्ने चाहना हुँदा पनि,
नाथ मञ्जुघोष स्वयम्लाई,
विना अवरोध दर्शन होस्, ॥ ५२ ॥

दश दिशाका आकाशव्यापी,
सारा प्राणीको अर्थ सिद्धि गर्न,
जसरी मञ्जुघोषले चर्या गर्नुभयो,
मेरो चर्या पनि त्यस्तै होस् ॥ ५३ ॥

जब सम्म आकाश रहन्छ र,
जब सम्म जगत् रहन्छ,
तब सम्म म पनि रहिरहेर,
जगत्को दुःख निर्मूल पार्न सकूँ ॥ ५४ ॥

जगत्का दुःख जति पनि छन्,
ती सबै मलाई प्राप्त होस्,
बोधिसत्त्वको पुण्य-राशिले,
जगत्ले सुख उपभोग गरून् ॥ ५५ ॥

जिनपुत्र शान्तिदेव पनि आर्य मञ्जुश्रीको कृपाले गर्दा प्रथम भूमि प्रमुदिता (उत्तम खुसी) प्राप्त नभएसम्म अर्थात् प्रमुदिता भूमि प्राप्त भएपछि त विशेष गुणहरू धेरै प्राप्त हुन्छ भने सधैं प्रत्येक जन्महरू स्मरण गर्न सक्ने हुन्छन्, साथै विशाल रूपले कुशल कर्म गर्न सक्ने भएकोले त्यस्ता प्रणिधान गरिराख्नु पर्दैन। तर (प्रमुदिता भूमि प्राप्त नभएकोले) यहाँ प्रमुदिता भूमि प्राप्त नभएसम्म सधैं पूर्वजन्महरू स्मरण गर्न सकून् भनी प्रणिधान गरेको हो।

त्यसरी प्रणिधान गर्नुको कारण के हो ? के हो भने सधैं पूर्वजन्महरू स्मरण गर्न सकियो भने त्यसले गर्दा कर्म र फलप्रति विश्वास पैदा हुन्छ।

संसारप्रति वैराग्य र विरक्तभाव उत्पन्न हुन्छ। अरूप्रति मैत्री र करुणा जाग्ने हेतु भएर जाने भएकोले सधैं जन्महरू स्मरण गर्न योग्य हुनलाई प्रणिधान गरेको हो। "हरेक जन्महरू सधैं स्मरण गरेर सद्धर्मको द्वारमा प्रवेश गरी प्रव्रजित होस्" भनी सबै जन्महरू प्रव्रजित भई शीलवान् हुन प्रणिधान गरेको हो। त्यसैगरी भिक्षा आदि कमसल भोजन ग्रहण गर्दा पनि स्वस्थ र तन्दुरुस्त भएर जिउन सकोस् र सबै जन्ममा सद्धर्मको अभ्यास गर्न अनुकूल तथा एकान्त स्थान मिलोस् भनी प्रणिधान गरेको हो।

त्यसैगरी आफूले अभ्यास गर्ने क्रममा सही मार्गमा प्रस्थान गर्नुपर्छ। सत्मार्ग प्राप्त हुनको लागि सम्यक् प्रज्ञा र ज्ञान चाहिन्छ। सम्यक् प्रज्ञा र ज्ञान भएमा मार्गमा बाधा अवरोध हुँदैन र राम्ररी पार हुन सक्छ। त्यसैले सम्यक् प्रज्ञा र ज्ञान प्राप्त गर्नु अति नै जरुरी हुन्छ। ती प्राप्त गर्न आर्य मञ्जुश्रीको अधिष्ठान तथा आशिष् प्राप्त गर्नुपर्ने भएकोले मञ्जुश्रीको मुहार दर्शन गर्ने इच्छा लाग्दा वा आफ्ना आशङ्का अनि दुबिधाहरू स्पष्ट पार्न वा सानो प्रश्न सोध्न मन लाग्दा पनि विना कुनै बाधा अड्चन नाथ मञ्जुश्रीको मुहार प्रत्यक्ष दर्शन होस् भनी प्रणिधान गरेको हो।

यस प्रणिधानको मूल उद्देश्य भनेको प्रज्ञा र ज्ञानको विस्तार हुनु हो। ती विस्तार भएमा आफू बोधिचर्यामा सम्यक् तवरले प्रस्थान भई अवस्थित हुन सक्ने र विशेष गरी पहिले महाबोधिसत्त्व मञ्जुश्रीले जगत् कल्याण गरे झैँ जबसम्म आकाश रहन्छ तबसम्म मैले पनि अरू प्राणीलाई हित हुने, दुःखबाट मुक्त पार्ने र प्रज्ञा चक्षु प्रदान गरी सन्देह आदि स्पष्ट पार्न सक्ने होस् भनी प्रणिधान गर्नुभएको हो।

तेस्रो, दुबैको हितको निम्ति बौद्ध धर्म प्रवर्द्धन तथा विस्तार हुन प्रणिधान-

जगत् दुःखको एक मात्र औषधी,
सम्पूर्ण सुख प्राप्तिको स्थान (स्रोत),
यो शासन लाभ-सत्कार सहित,
दीर्घकालसम्म रहिरहोस् ॥ ५६ ॥

बोधिचर्यामा प्रस्थान हुन सक्नु र नसक्नु भनेको बौद्ध धर्म (बुद्ध शासन) विस्तार हुनु र नहुनुमा भर पर्छ। त्यसैगरी प्राणीहरू दुःखबाट मुक्त भई सुख र खुसी प्राप्त हुनु पनि बौद्ध शिक्षामा निर्भर हुन्छ। त्यसैले बौद्ध शिक्षाको विस्तार तथा प्रवर्द्धन हुनको लागि प्रणिधान गर्नु अत्यन्तै महत्त्वपूर्ण रहेको छ। यहाँ शास्त्रमा-

जगत् दुःखको एक मात्र औषधी,
सम्पूर्ण सुख प्राप्तिको स्रोत,
यो शासन लाभ-सत्कार सहित,
दीर्घकालसम्म रहिरहोस् ॥

भन्नुभएको छ। वास्तवमा बुद्ध शासन (शिक्षा) दीर्घकाल सम्म अवस्थित हुनुका साथै विस्तार पनि हुनुपर्छ। किनभने सारा जगत् प्राणीहरूमा धेरै दुःख पीडा हुन्छन् र ती दुःखहरू के कारणले गर्दा आइपर्छ भने प्राणीहरू एकले अर्कोलाई हानि पुऱ्याउने, एकले अर्कोलाई कुभलो गर्ने भएर नै ती दुःखहरू आइपरेका हुन्। त्यसैले एकले अर्कोलाई हानि नपुऱ्याई कल्याण गर्नु अति नै महत्त्वपूर्ण हुन्छ।

त्यसैगरी केले गर्दा एक-अर्कालाई हानि पुऱ्याउने र कुभलो चिताउने हुन्छ त ? भने चित्त शुद्ध नभएर अर्थात् खराब मनसायले गर्दा हुन्छ। जस्तै: अहङ्कार, ईर्ष्या, राग, द्वेष, अज्ञानता आदिले गर्दा त्यस्तो भएको हो। ती सबैको मूल जड भनेको आत्मग्राह हो। त्यसैले जबसम्म आत्मग्राह त्यागिन्न तबसम्म क्लेशहरू त्याग्न सकिँदैन। क्लेशहरू त्याग्न नसकेपछि एकले अर्कोलाई हानि पुऱ्याउने र कुभलो चिताउने जस्तो कार्यको अन्त्य कहिल्यै हुन सक्दैन।

त्यसैले हिंसा जस्ता खराब कार्य नगर्नको लागि क्लेश त्याग्नु पर्छ। ती क्लेशहरू त्याग्नलाई त्यसको प्रतिपक्ष हाम्रा शास्ता तथागत बुद्धले बताउनुभएको सद्धर्मको अभ्यास गर्नुपर्छ। सद्धर्मको अभ्यास गरेर नै ती क्लेशहरू त्याग्न सकिन्छ। क्लेश त्यागेपछि प्राणीहरू दुःखबाट स्वतः मुक्त हुन्छन्। त्यसैले बौद्ध शिक्षा प्राणीको दुःख निर्मूल पार्ने औषधी र सुखको स्रोत भएकोले यो अमूल्य शिक्षा दीर्घकाल सम्म रहनुका साथै विस्तार हुन अति आवश्यक छ।

त्यसैगरी परम लाभको तवरले पनि अनात्माको ध्यान गरेर आत्मग्राह जडबाटै त्याग्न सकेमा क्लेश तथा दुःखहरू सबै अन्त्य गर्न सकिन्छ र परम सुख बुद्धपद प्राप्त हुन्छ। त्यसैगरी यदि आत्मग्राह त्याग्ने मार्ग बौद्ध शिक्षा रहिरहेमा त्यसले गर्दा एकले अर्कोलाई माया र सद्भाव रहन्छ। सद्धर्म भित्र रहेका "कसैलाई हानि पुऱ्याएमा केही लाभ हुन्न" भन्ने जस्ता कुशल उपदेशहरू प्राणीहरूले प्राप्त गरेमा स्वतः ठुलो कल्याण हुन्छ। उदाहरणको लागि एउटा खराब सोच भएको मान्छे जब सद्धर्मको सम्पर्कमा आउँछ तब खराब मनसाय उसले जडदेखि अन्त गर्न नसके पनि पहिले भन्दा कम गर्न सक्ने हुन्छ। त्यसैगरी कल्याणकारी भाव विशाल रूपले विस्तार गर्न नसके पनि अवश्य पहिले भन्दा धेरै प्रगति हुन्छ।

त्यसैगरी सारा सुख प्राप्त हुने स्रोत र सारा दुःख मुक्त हुने हेतु यो सद्धर्म रहिरहेमा ठुलो हित हुने र त्यसले गर्दा एक अर्कालाई हानि नहुने मात्र नभई कम्तीमा एक अर्का सँग मिठो वचन बोल्ने भइन्छ। त्यसैले जसरी भएपनि बुद्धको शासन अर्थात् बौद्ध शिक्षा रहिरहनुपर्छ।

के ध्यान तथा अभ्यास गर्नाले मात्र बुद्धको शासन दीर्घकाल सम्म रहन्छ त ? अहँ रहँदैन। अनि सद्धर्मको शिक्षणले मात्र बुद्धको शासन रहिरहन सक्छ त ? त्यो पनि होइन। बुद्धको शासन दीर्घकालसम्म रहिरहन के गर्नु पर्छ ? सद्धर्म सुन्ने र सुनाउने कार्यले 'आगम शासन' कायम राख्नुपर्छ र ध्यान तथा अभ्यास गरेर 'अधिगम शासन' कायम राख्नुपर्छ। आगम र अधिगम शासन कायम राख्न पनि अनुकूल प्रत्यय लाभ तथा सत्कार हुनुपर्छ। अनुकूल प्रत्यय अर्थात् सहजता भएमा बुद्धको शासन प्रवर्द्धन हुन सक्छ। यदि शासनप्रति लाभ तथा सत्कार छैन भने बुद्धको शासन राम्रै भए पनि लामो समयसम्म रहन नसकी क्रमशः पतन हुँदै जान्छ।

त्यसैले बुद्धको शासन रहिरहन र प्रवर्द्धन हुँदै जानको लागि जिनको रत्न शासन अनुकूल प्रत्यय लाभ तथा सत्कारसहित लामो समयसम्म रहिरहोस् भनी प्रणिधान गरेको हो।

बोधिचर्यावतारको चौथो अध्याय समाप्त भयो।

तेस्रो, सु-सम्पन्न गर्ने कार्यमा तीन; १. कृतज्ञता वन्दना, २. प्रशङ्गवश शान्तिदेवको जीवनी सङ्क्षेपमा उल्लेख र ३. समापन।

पहिलो, कृतज्ञता वन्दना-

जसको कृपाले पुण्यमति उत्पन्न भयो,
मञ्जुघोषलाई वन्दना छ,
जसको कृपाले ममा कुशलताको वृद्धि भयो,
कल्याण मित्रलाई पनि वन्दना॥ ५७॥

पृष्ठमा, जिनपुत्र शान्तिदेवले भट्टारक मञ्जुघोषको कृपालाई स्मरण गर्दै उहाँलाई प्रार्थना गरी वन्दना गर्नुभएको हो। त्यसैगरी कृपालु अरू गुरु तथा कल्याण मित्रहरूलाई पनि वन्दना गर्नुभएको हो।

शान्तिदेवको जीवनी

दोस्रो, प्रशङ्गवश शान्तिदेवको जीवनी सङ्क्षेपमा उल्लेख-

जिनपुत्र शान्तिदेवको जीवनी (विमोक्ष) सङ्क्षेपमा भन्नुपर्दा उहाँ उहिले दक्षिण भारतको राजा कल्याण वर्माको पुत्र शान्ति वर्मा अर्थात् एक राजकुमार हुनुहुन्थ्यो। उहाँ सानै छँदा देखि नै बोधिचर्या प्रति अति रुचि राख्नुहुन्थ्यो भने भट्टारक मञ्जुघोषको साधना गरेर प्रत्यक्ष दर्शन गर्नुभई धर्म उपदेश सुन्ने गर्नुहुन्थ्यो। एक दिन जब राजा पिताको निधन भयो त्यसको भोलिपल्ट युवराज शान्ति वर्मालाई राजा घोषित गरी राजगद्दीमा राख्ने प्रबन्ध मिलाइएको थियो। राजगद्दी आरोहण हुनुभन्दा अघिल्लो रात

उहाँको सपनामा मञ्जुश्रीले दर्शन दिनुभई भन्नुभयो-

हे पुत्र ! यो त मेरो गद्दी हो,
म तिम्रो कल्याण मित्र हुँ ॥
हामी दुई एउटै गद्दीमा बस्ने,
यो कहिल्यै उचित हुन सक्दैन ॥

"तिमी बसेको त्यो राजगद्दी मेरो गद्दी भएकोले तिमी यहाँ बस्न मिल्दै मिल्दैन" भनी सपना मैं उपदेश दिनुभएको थियो। त्यसपछि उहाँले राजसत्ता छोडेर नालन्दामा उपाध्याय जयदेवद्वारा प्रवजित अर्थात् भिक्षु बन्नुभई शान्तिदेव नाम ग्रहण गर्नुभयो। प्रवजित भएपछि पनि एकाग्र रूपले मञ्जुश्रीलाई प्रार्थना गरेर मञ्जुश्रीको अधिष्ठान तथा आशिष् प्राप्त गर्नुहुन्थ्यो।

त्यस बेला उहाँ बस्नुभएको स्थान नालन्दा विहार अति विशाल थियो भने त्यहाँ अवस्थित भिक्षु सङ्घहरू पनि अति नै मेहनती र महाज्ञानी (विद्वान) मात्र थिए। कोही श्रवण गर्थे, कोही चिन्तन गर्थे, कोही ध्यान अभ्यास गर्थे र कोही गुम्बाको काम गर्थे भने मिहिनेत नगर्ने कोही थिएनन्। तर त्यसबेला शान्तिदेव भने श्रवण, चिन्तन वा कुनै काम गर्नुहुन्नथ्यो। बाहिरबाट झट्ट हेर्दा ध्यान साधना केही नगरेको जस्तो देखिन्थ्यो। तर उहाँ भने मञ्जुश्रीलाई प्रार्थना गर्दै भित्री समाधिको अभ्यास मात्र गरेर बस्नुभएको थियो।

नालन्दाका अरू सहपाठी सबैले शान्तिदेवलाई 'भु' अर्थात् खाने, 'सु' अर्थात् सुत्ने र 'कु' अर्थात् हग्ने-मुत्ने यी तीन काम बाहेक अरू कुनै काम छैन भनी उहाँको नाम पनि 'भुसुकु' भनेर राखे। उहाँले पनि बाह्य

व्यवहार अनुसार ती तीन कार्य बाहेक अरू श्रवण, चिन्तन र भावना अर्थात् धर्म सुन्ने र सुनाउने आदि केही गर्नुहुन्नथ्यो। सहपाठीहरूले पनि यस्तो गरेको पटक्कै उचित नभएको ठानेर विहारबाट निकाल्ने निधो गरे। विहारबाट निकाल्ने योजना के अपनाए त भने खासमा नालन्दाका प्रवजित विद्वानहरूले बुद्ध वचन (सुत्र) एक पटक सबै सामु प्रवचन गर्नु पर्ने चलन रहेकोले त्यही मौकामा उहाँलाई धर्मदेशना गर्न लगायो भने उहाँले धर्मदेशना जान्नुहुन्न र लाजले आफैँ विहारबाट निस्केर जानुहुन्छ भन्ने सोचे।

उहाँलाई निकाला गर्ने उत्तम उपाय यही हो भन्नेमा एकमत रूपले सबै जना सहमत भए। त्यसपछि सहपाठीहरूले शान्तिदेवलाई, "भुसुकु ! तपाईँले यसपालि धर्म प्रवचन नगरी हुन्न, जसरी भए पनि धर्म प्रवचन गर्नुपर्छ।" भनी पटक पटक अनुरोध गरेपछि अन्त्यमा उहाँले स्वीकार्नु हुँदा सबै जना आश्चर्यचकित भए।

भुसुकुले भोलि धर्म प्रवचन गर्छ भनी प्रचार गरियो। धर्म प्रवचनको लागि ठुलो गद्दी मिलाइयो। भुसुकुले धर्म प्रवचन कसरी गर्छ होला भन्ने सोचेर धेरै मानिसहरू भेला भए। सबैजना रमिता हेरेर बस्दै गर्दा शान्तिदेव आउनुभएको धेरै जसो मान्छेले देखेनन्। उहाँ निसङ्कोचका साथ सोझै गद्दीमा विराजमान हुनुहुँदा सबैजना आश्चर्यका साथ हेरिरहे। त्यसपछि शान्तिदेवले "पहिले प्रचलित अर्थात् सुनिसकेका धर्म सुनाऊँ कि पहिले प्रचलित नभएको धर्म सुनाऊँ ?" भनी सोध्नु हुँदा "पहिले प्रचलित नभएको धर्म सुनाउनु" भनेपछि उहाँले यही बोधिचर्यावतार क्रमशः बताउनुभयो। प्रज्ञा परिच्छेदमा-

जब भव र अवभहरू ॥

भन्ने श्लोक बताउँदै गर्दा उहाँ माथि उडेर आकाशमै विलीन हुनुभयो। तर उहाँले पहिले जसरी नै ठुलो स्वरमै बोधिचर्यावतार पूर्ण रूपले बताउनुभयो।

यसरी आर्य शान्तिदेवले बोधिचर्यावतार बताउन र सम्यक् मार्गमा प्रस्थान गर्न कसरी सक्नु भएको हो ? भने उहाँले आर्य मञ्जुश्रीको अनुसरण गर्नाले भएको हो। मञ्जुश्रीको कृपाले गर्दा सम्भव भएकोले उहाँले यहाँ मञ्जुश्रीलाई विशेष रूपले वन्दना गर्नुभएको हो।

तेस्रो, समापन-

बोधिचर्यावतार चार परिच्छेदको सङ्क्षिप्तार्थ व्याख्या समाप्त भयो।

केही साल पहिले बोधिचर्यावतार चार परिच्छेदको सङ्क्षिप्तार्थ सरल भाषामा प्रवचन गर्ने बेलामा अडियो रेकर्ड गरेकोलाई मेरा केही शिष्यहरूले लिपिबद्ध गरेका रहेछन्। सन् २०२१ सालमा खेन्पो कुन्पलको बोधिचर्यावतारको विषय रूपरेखा यसमा राखी केही संशोधन गरेको छु। यसमा त्रुटि रहेमा विद्वानहरू सामु प्रयश्चित गर्दछु। सर्वमङ्गलम्॥ शुभम्॥

(बोधिचर्यावतार चार परिच्छेदको सङ्क्षिप्तार्थ सरल भाषामा व्याख्या नामक भोट भाषामा रहेको यो शास्त्र परम पूजनीय क्याब्ज्ये योङ्गिन खेन्छेन ठाङ्गु रिन्पोछे उनान्नब्बे वर्षको उमेरमा नाथ स्ययम्को वाक्बाट पवित्र तीर्थस्थल नमोबुद्ध ठाङ्गु टाशी याङ्चे गोन्पामा सन् २०२१ नोभेम्बर १६ र १८ तारिख अर्थात् मङ्गलवार र बिहिवार शिक्षण तथा आगम प्रदान गरी कृपा गर्नुभयो।)

(परम पूजनीय नवौँ खेन्छेन ठाङ्गु रिन्पोछे विरचित ‘बोधिचर्यावतार चार परिच्छेदको सङ्क्षिप्तार्थ सरल भाषामा व्याख्या’ नामक यो शास्त्र रिन्पोछेको शिष्य अल्प ज्ञानी म ङोडुप ग्याल्छेन योन्जनद्वारा पवित्र तीर्थस्थल नमोबुद्ध स्थित ठाङ्गु टाशी याङ्चे गोन्पामा, भोट पात्रो २१५१ साल आठौँ महिनाको पूर्णिमाको शुभ दिन तदनुसार सन् २०२४ अक्टोबर १७ तारिखमा भोट भाषाबाट नेपालीमा अनुवाद सु-सम्पन्न भयो।)